म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १५५ बुधबार, २ माघ २०८१ ने. सं. ११४५ पोहेलागा 15 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## छोरी बलात्कार गर्ने बकैयाका युवकलाई जन्कमैद

हेटौंडा, १ माघ/छोरी नाता पर्ने बालिकालाई बलात्कार गरेको ठहर गर्दै जिल्ला अदालत मकवानपुरले एक युवकलाई जन्मकैद गर्ने फैसला सुनाएको छ । अदालतले युवकलाई सात लाख रुपैयाँ जरिवाना र ५ लाख रुपैयाँ पीडितलाई क्षतिपूर्ति दिनुपर्ने आदेश गरेको छ । जिल्ला न्यायाधीश अवनी मैनाली भट्टराईको सोमबार बसेको इजलाशले मकवानपुरको बकैया गाउँपालिका-५ का २८ वर्षीय युवकले १० वर्षीया छोरीलाई पटक/पटक बलात्कार गरेको ठहर गर्दै यस्तो फैसला गरेको हो । छोरीलाई विगत दुई वर्षदेखि बाबुले बलात्कार गर्दै आएको फैसलामा उल्लेख गरिएको छ । छोरीलाई बलात्कार गरेको देखेपछि आमाले २०८० कात्तिक १ गते बाबुको विरुद्धमा जिल्ला प्रहरी कार्यालय हेटौंडामा उजुरी दिएकी थिइन् । उनकै उजुरीको आधारमा प्रहरीले युवकलाई पक्राउ गरी हाडानाता जबर्जस्ती करणीमा अदालतमा मुद्दा दर्ता गर्दै जन्मकैदको माग दाबी गरेको थियो । अदालतद्वारा जन्मकैद तोकिएका युवक क्षेत्रीय कारागार भीमफेदीमा थुनामा छन् ।

# एसइइ ७ चैतदेखि, सुध्रिएन परीक्षा प्रणाली

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ राष्ट्रिय परीक्षा बोर्डले २०८१ को एसईई परीक्षाको तालिका सार्वजनिक गरेको छ । यस वर्षको एसईई परीक्षा चैत ७ देखि सुरु भएर चैत १९ गतेसम्म चल्नेछ । परीक्षा बिहान ८ देखि ११ बजेसम्म हुने बोर्डले जनाएको छ ।




बोर्डका अनुसार नियमित तथा ग्रेडवृद्धि दुवै समूहतर्फको परीक्षा एउटै तालिकाअनुसार एउटै समयमा हुनेछ । भने परीक्षा केन्द्रको जानकारी सम्बन्धित शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाइबाट हुने बताइएको छ । परीक्षासम्बन्धी कुनै कुरा स्पष्ट नभएमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०, सानोठिमीको फोन नम्वर ०१-६६३००३९ र ०१-६६३००७० मा सम्पर्क गर्न सकिनेछ ।

परीक्षार्थीले रजिष्ट्रेशन परीक्षा आवेदन फाराम भर्ने फाराममा उल्लेख गरेको जन्ममिति र जन्म थरको हिज्जे राष्ट्रिय परीक्षा बोर्डमा उपलब्ध गराइएको कन्ट्रोल लिष्टसँग रुजु गरी फरक परेमा फरक परेको विवरण संशोधन गर्नुपर्ने अवस्थामा सम्बन्धित विद्यालयले संशोधन गर्नुपर्ने विवरण २०८२ बैशाख मसान्तभित्रमा अनिवार्यरुपमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमार्फत वा सीधै परीक्षा नियन्त्रण कार्यालयमा आइपुग्ने गरी पठाउन अनुरोध गरेको छ ।

प्राविधिक धारतर्फको परीक्षा शनिवार पनि सञ्चालन हुने भएको छ । पहिलोदिन अंग्रेजी, दोस्रो दिन नेपाली, तेस्रो दिन गणित, चौथो दिन विज्ञान विषयको परीक्षा हुनेछ । पाँचौं दिन सामाजिक, छैटौं दिन ऐच्छिक प्रथम, सातौं दिन ऐच्छिक द्वितीयपत्रका विषयको परीक्षा हुने कार्यतालिकामा उल्लेख छ । कुनै आकस्मिक बिदा पर्न गएमा पनि परीक्षा नियमित सञ्चालन हुने बोर्डले जनाएको छ ।

२०७३ सालमा भएको शिक्षा ऐनको आठौं संशोधनले विद्यालयको संरचनामा परिवर्तन गरे पनि बोर्डले पुरानै ढाँचामा कक्षा १० को परीक्षा सञ्चालन गर्दै आएको छ । शिक्षा ऐनले विद्यालय शिक्षाको संरचना बदलेर साविकको एसएलसीको व्यवस्थालाई परिवर्तन गरेको थियो । विद्यालयको अन्तिम परीक्षा कक्षा १२ मा हुने ब्यवस्था छ । ऐनको दफा ४ (ट) को उपदफा १ मा माध्यमिक शिक्षाको कक्षा १० र माध्यमिक तहको अन्त्यमा हुने परीक्षा, बोर्डबाट सञ्चालन हुने र उपदफा २ मा कक्षा १० को अन्त्यमा हुने परीक्षा क्षेत्रीयस्तरमा सञ्चालन हुने उल्लेख छ । तर, संरचना निर्माण गर्न शिक्षा मन्त्रालयको राजनीतिक र प्रशासनिक नेतृत्वका अधिकारीहरु ईच्छुक नहुँदा परीक्षाको शैली पुरानै निरन्तर छ ।

विद्यालय तहको अन्तिम परीक्षा कक्षा १२ मा गर्ने गरी २३ वर्षअघि नै तत्कालीन शिक्षामन्त्री देवीप्रसाद ओझाको अध्यक्षतामा गठित उच्चस्तरीय आयोगले सिफारिस गरेको थियो । यो सिफारिसमा एसएलसी परीक्षा क्रमशः क्षेत्रीय तहमा गर्न सुझाव दिइएको थियो । शिक्षा ऐनको ८ औं संशोधनले परीक्षाबारे नयाँ व्यवस्था गर्दा पनि सरकारी संयन्त्र कार्यान्वनयमा गम्भिर नदेखिनु विडम्वना मानिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुपले विद्यार्थीले विद्यालय शिक्षा पूरा गरिसकेपछि थुप्रै सक्षमता हासिल गर्ने खालको भयो वा भएन ? भनेर हेर्ने गरेको छ । श्रमप्रति सम्मान, जिम्मेवार नागरिक, सामाजीकरणमा सहयोग गर्ने, दैनिक जीवनका समस्या समाधान गर्नेजस्ता सक्षमता भएको विद्यार्थी तयार गर्ने पाय्क्रम प्रारुपको उद्देश्य हो । सोही अनुसार विद्यार्थीलाई जोड्नुपर्ने भएकाले घरायसी कामको आधारमा परियोजना कार्यको अंक दिने व्यवस्था गरिएको बताइएको छ ।

अहिले कक्षा १ देखि ३ सम्म १०० प्रतिशत नै निरन्तर आन्तरिक मूल्यांकन हुने गरेको छ । कतिपय विद्यालयले निरन्तर आन्तरिक मूल्यांकन नगरी परीक्षा पनि लिने गरेका छन् । परीक्षा प्रणालीमा एकरुपता आउन सकेको छैन । त्यस्तै ४ देखि ८ सम्म ५० प्रतिशत आन्तरिक मूल्यांकन हुन्छ भने कक्षा ९ देखि १२ सम्म २५ प्रतिशत आन्तरिक मूल्यांकन हुने व्यवस्था छ । अहिलेसम्म विद्यार्थीले गरेको प्रोजेक्ट वर्कका आधारमा आन्तरिक मूल्यांकन हुँदै आएको छ । त्यसका लागि मापदण्ड अनुसार नै नम्बर दिने गरिएको विद्यालयहरुले जानकारी दिएका छन् ।

## बकैया गोल्डकप:

# सिनियरतर्फ वडा नं. ३ र जुनियरतर्फ ११ लाई उपाधि




साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/छैठौं संस्करणको बकैया कप फुटबल प्रतियोगिता सम्पन्न भएको छ । मंगलबार सिनियर र जुनियर दुवैतर्फको फाइनल खेल सम्पन्न भएसँगै प्रतियोगिता सम्पन्न भएको हो ।

प्रतियोगितामा सिनियर तर्फको उपाधि ३ नम्बर वडा र जुनियरतर्फ ११ नम्बर वडाले जितेको छ । बकैया-३ हात्तीसुंडेस्थित बकैया रंगशालामा भएको फाइनल खेलमा वडा नम्बर ९ लाई ५-० गोलले हराउँदै ३ नम्बरले प्रतियोगिताको उपाधि हात पारेको हो । तीन नम्बरको जितमा आयुष नेगिले ह्याट्रिक गरे । यस्तै अन्जन गोले र सुजन गुरुङले एक-एक गोल गरे । सिनियरतर्फ ३ नम्बरका सुजन गुरुङ सर्वोत्कृष्ट खेलाडी घोषित भए ।

उत्कृष्ट गोलरक्षक ३ नम्बरकै सरोज भुलन, डिफेन्डर अन्जन गोले, सर्वाधिक गोलकर्ता आयुष नेगी र उत्कृष्ट प्रशिक्षक विश्वराज लामिछाने घोषित भए । उदयमान खेलाडी ५ नम्बरका करण रानामगर, उत्कृष्ट मिडफिल्डर ९ नम्बरका विशाल भोलन र स्टाइकर अभिषेक भोलन घोषित भए । सर्वोत्कृष्टले ५ हजार र अन्य जनहीले ३-३ हजार रुपैयाँ प्राप्त गरेका छन् । जीतसँगै वडा नं. ३ ले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता ९ नम्बरले ५० हजार रुपैयाँमा चित्त बुझाएको छ ।

यस्तै जुनियरतर्फ वडा नं. वडा नम्बर २ लाई टाइब्रेकरमा ४-३ गोलले हराउँदै ११ ले उपाधि जितेको हो । निर्धारित खेल समयमा गोलरहित बराबरी भएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । जितसँगै ११ नम्बरले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता २ नम्बरले २५ हजार रुपैयाँमा चित्त बुझाएका छन् । विजेता ११ नम्बरले सातौं संस्करणको बकैया कपमा सिनियरतर्फबाट सहभागी हुनेछ ।

जुनियरतर्फ प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी ११ नम्बरका सुबास लो घोषित भए । उनले ५ हजार रुपैयाँ प्राप्त गरे । यस्तै उत्कृष्ट गोलरक्षक ११ का सुजन लो, उत्कृष्ट डिफेन्डर २ का चस्मेलाल स्याङतान, मिडफिल्डर २ का मनोज स्याङतान, फरवार्ड ११ का निखिल घलान, सर्वाधिक गोलकर्ता ११ का धनबहादुर न्यासुर, उदयमान खेलाडी ११ का सुबास लुङबा र उत्कृष्ट प्रशिक्षक ११ का दीर्घबहादुर लामा घोषित भए । विधागत उत्कृष्टले जनही ३-३ हजार रुपैयाँ प्राप्त गरेका छन् ।

आयोजकले पत्रकार दिक्षान्स खड्कालाई ५ हजार रुपैयाँसहित खेल पत्रकार पुरस्कार प्रदान गरेको छ । बकैया खेलकुद विकास समितिका संयोजक विजय लामाथिङको सभाध्यक्ष तथा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यतामा भएको प्रतियोगिता समापनमा बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, बकैयाका उपाध्यक्ष भक्तबहादुर खत्री, वडाध्यक्षहरु र विभिन्न राजनीतिक दलका पदाधिकारीको आतिथ्यता रहेको थियो ।

# माघेसंक्रान्तिमा बहुउपयोगी मानिने तरुल



साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ खाद्यप्रविधि तथा गुणनियन्त्रण विभागका महानिर्देशक संजीवकुमार कर्णका अनुसार तरुल निक्कै पोषिलो र वहुउपयोगी खाद्यपदार्थ हो । तरुलमा पर्याप्त मात्रामा कार्वोहाइड्रेट, प्रोटिन, मिनरल्स, इनर्जी, भिटामिन पाइने भएकाले यसलाई पोषिलो खानाको रुपमा लिइन्छ ।

खानाको रुपमा पनि तरुललाई खान सकिने कर्णाको सुझाव छ । 'खानाको रुपमा प्रयोग गरिने चामलभन्दा आलुमा बढी पोषण तत्व छ,' महानिर्देशक कर्णले भने, 'त्यसैगरी तरुलमा पनि चामलभन्दा बढी पोषण तत्व छ । यसलाई खानाको रुपमा प्रयोग गर्दा पनि हुन्छ । वहुउपयोगी गुणको धनी मानिएपनि सर्वसाधारणमा सचेतनाका कारण अझै यसको भरपुर रुपमा उपभोग हुन सकेको छैन ।'

खाद्य विभागकाअनुसार तरुलबाट विभिन्न प्रकारका परिकार बनाएर खान सकिन्छ । उसिनेर नुनखुर्सानीसँग चोपेर खाजाको रुपमा खान सकिन्छ । यस्तै तरकारी र अचारको रुपमा पनि उपभोग गर्न सकिन्छ । कर्णका अनुसार तरुललाई सुकाएर पाउडर बनाउन सकिन्छ । यस्तो पाउडरको प्रयोग गरी पाउरोटी, केक, रोटी, चाउचाउ र मिठाई बनाएर पनि खान सकिन्छ ।

पछिल्लो ४-५ वर्षयता नेपालमा तरुलको ब्यापार निक्कै फस्टाएको छ । पहिले खान नरुचाउने उपभोक्ताले पनि स्वास्थ्यका लागि लाभदायक मानिने भएकाले यसको विभिन्न प्रकारको परिकार खान थालेका छन् । जसले गर्दा यसको कारोबार ह्वात्तै बढेको हो । काठमाडौं उपत्यकामा हुने तरुलको कूल कारोबारमध्ये झण्डै ८० प्रतिशत सर्लाहीबाट भित्रिन्छ । सर्लाहीका किसानले बागमतीको बगरमा सार्वजनिक रुपमा तरुल खेती गरिरहेका छन् । बाँकी २० प्रतिशत भारत र स्वदेशकै अन्य जिल्लाको उत्पादनले ओगटेको छ ।

कालिमाटी बजारका व्यवसायीका अनुसार यो वर्ष बजारमा धादिङ, नुवाकोट, दोलखा, चितवन, काभ्रे, मकवानपुर, सर्लाही, तनहुँ, पाल्पा, स्याङ्जा, गोरखा, नवलपरासी, ललितपुरलगायत जिल्लामा उत्पादन भएका १३ प्रकारका तरुल भित्रिएको थियो ।

बजारमा अत्याधिक महँगो मानिएको बनतरुल, घरतरुल, हात्तिपाइलेतरुल, रातोपत्तालेतरुल, मुढेतरुल, सिमलतरुल, पानीतरुल, सर्लाहीतरुल, तराईतरुल नामका तरुलको कारोबार भएको छ ।

# कारको ठक्करबाट तीनजना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ हेटौंडामा सवारी दुर्घटना हुँदा तीनजना घाइते भएका छन् । सोमबार साँझ हेटौंडा-धरानचतरा सडकखण्डअन्तरगत हेटौंडा-१६ सिपालीचोकमा फापरबारीबाट हेटौंडा तर्फ आउँदै गरेको बा ९ च १३३८ नम्बरको कार दुर्घटना भएको हो ।

कार अनियन्त्रित भई प्रकाश गौतमको एकतले पक्कीघरको सटरमा ठक्कर खाँदा सोही स्थानमा बसिरहेका तीन जना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायवउपरीक्षक श्याम् अर्यालले बताए । कार तीव्रगतिका कारण घरमा ठोकिन पुगेको प्रारम्भिक अनुसन्धानले देखाएको उनले बताए ।

'हामीले कारचालक हेटौंडा-१० निवासी सानु थापालाई नियन्त्रणमा लिएका छौं, घाइतेको तत्काल हेटौंडा अस्पताल लगिएको छ' प्रवक्ता अर्यालले बताए ।

घाइते भएका मालती गौतमलाई थप उपचारको लागि विएण्डवि अस्पताल काठमाडौंमा, र ाधिका आचार्यको थप उपचारको लागि न्यूरो अस्पताल बाँसबारीमा र उनका छोरा श्रयान आचार्यको थप उपचारको लागि बिएण्डबि अस्पतालमा रिफर गरिएको प्रवक्ता आर्यालले बताए ।

श्रयानको टाउको र ढाडमा चोट लागेको जनाइएको छ भने राधिकाको टाउकोमा भित्रि चोट र मालतीको खुट्टा र हातमा चोट लागेको हेटौंडा अस्पतालले जनाएको छ ।

# नेता बल भूमि आयोगमा नियुक्त



साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/भूमि आयोग मकवानपुरको अध्यक्षमा एमाले नेता बलराम बल नियुक्त भएका छन् । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले हेटौंडा उपमहानगर पालिका-१ निवासी बललाई अध्यक्षमा नियुक्त गरेको हो ।

सोमबार सरकारको मन्त्रीस्तरको निर्णयले ७१ जिल्लामा भूमि आयोगका अध्यक्ष नियुक्त गरिएको हो । सोमबार भूमि व्यवस्था तथा सहकारीमन्त्री रामनाथ अधिकारीले नवनियुक्त जिल्ला अध्यक्ष बललाई शपथग्रहण गराएका थिए । बल नेकपा (एमाले) बागमती प्रदेश कमिटीका सदस्य हुन् ।

# भुटनदेबी चौरमा माघी महोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/थारु समुदायको प्रमुख पर्व माघीको अवसरमा हेटौंडामा पनि माघी महोत्सव मनाइएको छ । थारु कल्याणकारिणी समाज मकवानपुरको आयोजनामा भुटनदेवी माध्यमिक विद्यालयको खेलमैदानमा महोत्सव आयोजना गरेको हो ।

समाजका सभापति चौधरीको अध्यक्षता तथा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा महोत्सव गरिएको थियो । कार्यक्रममा हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देल, १० का वडाध्यक्ष फुर्वादोर्जे लामा, ११ का वडाध्यक्ष जुना दाहाल, १५ नम्बरका वडाध्यक्ष सुनिल मोक्तान, समाजका केन्द्रीय सदस्य जानकी चौधरी, आदिवासी जनजाति महासंघ मकवानपुरका अध्यक्ष जंगबहादुर गुरुङलगायतको आतिथ्यता रहेको थियो ।

महोत्सवको उद्घाटन अघि हेटौंडा बजारको सीमाचोक, बुद्धचोक र कान्तिलोकपथ हुँदै भुटनदेवी माध्यमिक विद्यालयको खेलमैदानसम्म र्याली आयोजना गरिएको थियो ।

र्यालीमा थारु पुरुष, महिला मौलिक पोशाकमा सजिएका थिए । माघी महोत्सव आयोजनाबाट थारु समुदायको संस्कृति, रीतिरिवाज, परम्परा, भेषभूषा जगेर्नामा सहयोग पुग्ने विश्वास रहेको छ ।

महोत्सवमा थारु समुदायको मौलिक नृत्य, गायन कला प्रस्तुतीका साथै मौलिक परिकारका स्टल समेत राखिएको थियो । महोत्सवकै अवसरमा विभिन्न व्यक्ति र संघसंस्थालाई सम्मान गरिएको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्धारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# पेट्रोलियम पाइपलाइनको बिस्तार

नेपाल आयल निगमले सडकमार्गबाट पेट्रोलियमपदार्थको ढुवानीमा ठूलो धनराशी खर्च भएको भन्दै पाइपलाइन बिस्तार गर्ने योजना अघि सारेको छ । अन्तर्राष्ट्रिय बजारमा भन्दा नेपालमा निकै महंगो मानिने पेट्रोलियमपदार्थ पाइपलाइनबाट ढुवानी भएको खण्डमा उपभोक्ताले पनि केही सहुलियत पाउने सम्भावना छ । बाराको अमलेखगञ्जबाट हेटौंडा हुँदै चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तारको काम छिट्टै अगाडि बढाइने भएको छ । मोतीहारी-अमलेखगञ्ज पाइपलाइनको काम सकिएपछि चितवनको लोथरसम्म पाइपलाइन विस्तार गर्ने लक्ष्यसहित काम अघि बढाउन लागिएको बताइएको छ । अमलेखगञ्जबाट हेटौंडा हुँदै चितवनको लोथरसम्म ६९ किलोमिटरमा निर्माण हुने पेट्रोलियम पाइपलाइनको काम अगाडि बढाउने विषयमा उच्चस्तरीय प्राविधिक टोलीबाट फिल्ड अध्ययनको काम सकिएर डीपीआर निर्माण भइरहेको नेपाल आयल निगमले जानकारी दिएको छ । कुल ६९ किमि पाइपलाइनमध्ये करिब ५० किलोमिटर पाइपलाईन मकवानपुरको क्षेत्रमा राखिने भएको छ ।

पूर्वपश्चिम राजमार्गको छेउमा पाइपलाइन बिस्तार गरिने भएका कारण मुआब्जाको खासै समस्या नहुने निगम स्रोतले जनाएको छ । राजमार्गको केन्द्रबिन्दुबाट दायाँबायाँ २५ मिटर 'राइट अफ वे' भित्रै पाइपलाइनको निर्माण गर्ने तयारीमा निगमले काम गरिरहेको बताइएको छ । हेटौंडा बजारक्षेत्रमा बाइपास गर्ने वा राजमार्गबाटै लैजाने भन्ने विषयमा छलफल भइरहेको बताइएको छ । यसअघि केपी ओली प्रधानमन्त्री भएको समयमा अमलेखगंजदेखि हेटौंडा हुँदै लोथरसम्म प्रत्येक ५ किलोमिटरमा 'पेट्रोलियम पाइपलाइन सर्भे कार्य हुँदैछ' भन्ने सन्देशसहितको ठूलाठूला होर्डिङबोर्ड लगाइएको थियो । तर, काम भने सुरु हुन सकेको थिएन । नेपाल र भारत दुवै देशका उच्चस्तरीय प्राविधिकटोलीबाट अध्ययनको काम भइसकेको छ । प्राबिधिक टोलीले अध्ययन गरेर अहिले डीपीआर तयार गरिरहेको छ । पूर्वपश्चिम राजमार्गको छेउबाट निर्माण गर्न लागिएको पाइपलाइन विस्तारले निगमको ढुवानी लागतमा निकै कटौती हुने सम्भावना देखिएको छ । लोथरमा १ लाख लिटर पेट्रोलियमपदार्थ भण्डारण गर्ने गरी काम अघि बढाइएको छ । अमलेखगञ्जबाट लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार भई सञ्चालमा आएपछि पश्चिमी र उत्तरी नेपालमा पेट्रोलियमपदार्थको अभाव नहुने निगमले विश्वास लिएको छ । मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन विस्तारको काम सकिएसँगै पाइपलाइनबाटै पेट्रोलियमपदार्थको आयात गर्न परीक्षण भइरहेको छ ।

मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन विस्तारको सम्पूर्ण काम सकिएको र तत्काल परीक्षणका लागि पाइपलाइनबाटै पेट्रोल र मट्टितेल ल्याइएको निगमको मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जले जानकारी दिएको छ । पाइपलाइन परीक्षण गर्न तत्कालका लागि विस्तार गरिएको पाइपलाइनबाटै पेट्रोल ५ हजार ५०० किलोलिटर र १ हजार किलोलिटर मट्टितेल ल्याएर परीक्षण गरेका निगमले जनाएको छ । पाइपलाइनबाट ल्याइएको पेट्रोलियमपदार्थको परीक्षण भइरहेको छ । त्योसँगै पाइपलाइनबाटै पेट्रोलियमपदार्थको नियमित आयात गर्न आवश्यक तयारी भइरहेको छ । नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्तरुपमा पाइपलाइनको उद्घाटन गर्ने, भाबि दिनमा कसरी नियमित आयात सुचारु गर्ने भन्ने विषयमा छलफल भइरहेको निगमले जानकारी दिएको छ । २०२५ को जनवरीदेखि पाइपलाइनबाटै पेट्रोलियमपदार्थको नियमित आयात गर्ने भनिए पनि आवश्यक तयारी पूरा नभएकाले केही दिन ढिला भएको निगमले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ ३ गते बिहीबार १६ जनवरी २०२५ । तृतीया, माघ कृष्णपक्ष । पोहेलागा ११४५ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:३० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परिवारमा कलह | तुला | : मानसिक अशान्ति |
| वृष | : यात्रामा बाधा | वृश्चिक | : कार्यमा ढिलाइ |
| मिथुन | : काममा सफलता हात पर्ने | धनु | : मांगलिक कार्य सम्पादन |
| कर्कट | : अपजस पाइने | मकर | : उपचारमा खर्च बढ्ने |
| सिंह | : बौद्धिक कार्यमा वाधा | कुम्भ | : मानमर्यादाको वृद्धि |
| कन्या | : व्यवसायमा विवाद | मीन | : नवीन कार्ययोजनामा लगानी |

# यसरी बन्न सक्छ नेपाल उच्च शिक्षा अध्ययनको केन्द्र



पंकज जालान

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार अचेल दैनिक ४०० हाराहारी नेपाली विद्यार्थीले मन्त्रालयबाट उच्च शिक्षा अध्ययन गर्न विदेश जाने अनुमतिपत्र (नो अब्जेक्सन सर्टिफिकेट) लिइरहेका छन् । पछिल्लो समय उच्च शिक्षा अध्ययनका लागि विदेशिने प्रवृत्ति बढ्दै गएको मन्त्रालयको भनाइ छ । विगतमा उच्च शिक्षा अध्ययन गर्न सम्पन्न परिवारका सदस्य मात्र विदेश जाने गरेकोमा अहिले सामान्य परिवारका पनि गइरहेका छन् । विडम्बनापूर्ण तथ्य के देखिएको छ भने विगतमा नेपालमा अध्यापन नहुने विषयका लागि मात्र विद्यार्थी विदेशिने गरेकोमा अचेल नेपालमै पढ्न पाइने विषयका लागि पनि गइरहेका छन् । उच्च शिक्षा अध्ययनका लागि विदेशिने प्रवृत्ति बढिर हँदा नेपालमा रोजगारीको अवसर नहुनाले धेरै मान्छे विदेश गए भन्ने गलत भाष्य बनाइएको छ । यसलाई चिर्न देशको खुबी के छ त्यो विद्यार्थीलाई बताउनुपर्छ, बुझाउनुपर्छ । तर दुर्भाग्य, युवाहरू किन बेरोजगार भए भनेर कसैले अध्ययन गरेकै छैन ।

सीप नभएर बेरोजगार भए भन्नेतिर मान्छेको ध्यानै गएको छैन । दक्ष वा सीप भएको मान्छे कहीं पनि बेरोजगार बस्नुपर्दैन । अर्को हामीले विद्यालयमा नैतिक शिक्षा दिन सकेनौं । विद्यार्थीलाई यो मेरो देश हो, परिवार यहीं छन्, यसप्रति मेरो जिम्मेवारी छ भनेर सिकाएकै छैनौं । हामीले उनीहरूलाई व्यक्तिगत बनाउँदै लगेका छौं, पश्चिमाको जस्तो । उसलाई आमाबुबा, परिवार, देशको मतलब छैन । व्यक्तिलाई 'म'बाट 'हामी' बनाउन सके विदेश पलायनको समस्या निकै कम गर्न सकिन्छ । अर्को कुरा यो देश खत्तम भन्ने सोच पलाएको छ । यो परिस्थितिमा 'विदेश गएपछि विद्यार्थीले आफैं कमाएर पढ्छ, परिवारले आर्थिक दायित्वबाट मुक्ति पाउँछ' भन्ने विचार आम मानिसमा सिर्जना भएको छ । छोराछोरी सुकिलामुकिला बनेर समुद्रको किनारतिर वा विकसित महानगरका भव्यतामा रमाइरहेको फोटो देख्दा 'वाह, क्या जिन्दगी !' झैं पनि लाग्छ ।

'पढ्न गएका छोराछोरीले कमाएर घरमा पनि पैसा पठाउँछन्, अनि त आफू स्वदेशमै पनि स्तरीय जिन्दगी बाँच्न पाइन्छ !' छोराछोरी विदेश नपठाएका र विदेशिएपछिको तनाव झेल्न बाँकी अभिभावकलाई यस्तै लाग्दो हो । र त ४/५ लाख रुपैयाँले स्वदेशमै अध्ययन गर्न पाइने विषय पढाउन चर्को ब्याजमा ऋण काढेको ३५/४० लाख रुपैयाँ खर्च गरेर विदेश पठाइरहेका छन् । उताको वास्तविकता भने अर्कै हुन्छ । कमाउने र पढ्ने उद्देश्यले धेरै नेपाली पुग्ने देशमा झेल्नुपर्ने कष्ट कहालीलाग्दो छ- न बस्न कोठा पाइन्छ, न कमाइ गर्ने काम । सरकारी समाचार संस्था राष्ट्रिय समाचार समितिले १३ मंसिर २०८१ मा सम्प्रेषण गरेको समाचार अनुसार बर्सेनि बढ्ने चर्को विश्वविद्यालय शुल्क, परिवारप्रतिको दायित्व, भाषा, भौगोलिक ज्ञानको अभाव लगायत कारण बेलायत पुगेका कतिपय विद्यार्थी तनाव र डिप्रेसनको सिकार भइरहेका छन् ।

बेलायत मात्रै होइन अध्ययनका लागि अन्य मुलुक जाने विद्यार्थीले झेलेका कष्ट पनि कम्ती डरलाग्दा छैनन् । यसको एउटा उदाहरण २०८१ साउन ३२ गते क्यानडाको ओटावास्थित नेपाली राजदूतावासले अध्ययनका लागि क्यानडा जाने सोचमा रहेका विद्यार्थी र तिनका अभिभावकलाई लक्ष्य गर्दै जारी गरेको 'एड्भाइजरी' हो । उक्त एड्भाइजरीमा दूतावासले क्यानडा पुग्नासाथ रोजगारी पाइन्छ भन्ने भ्रममा पर्दा धेरै विद्यार्थी समस्यामा परेको खुलासा गरेको छ । दूतावासले कलिला विद्यार्थीमा एकैचोटि आर्थिक, शैक्षिक, आवास, खाने खर्च र रोजगारी अभावको तनाव एवं चुनौतीले ल्याउन सक्ने मनोवैज्ञानिक समस्यातर्फ पनि ध्यानाकर्षण गराएको छ । दूतावासका अनुसार क्यानडामा बस्ने डेरा र रोजगारी पाउन निकै मुस्किल छ । विदेशतिर का दुःख र कष्टका कुरा लुकाएर सफलताका कुरालाई महिमामण्डन गर्ने, यताको चाहिं राम्रो कुरा लुकाएर नराम्रो कुराको बढी प्रचार गर्ने चलनले पनि विदेश पलायनलाई प्रोत्साहित गरि रहेको छ । चर्को ब्याजमा ऋण खोजेर विद्यार्थी भिसामा छोराछोरी विदेश पठाएपछि कति तनाव झेल्नुपर्छ भन्ने कुरा सम्बन्धित अभिभावकलाई मात्रै थाहा हुन्छ ।

तैपनि अध्ययनका नाममा विदेशिनेको लर्को बढिरहेको सरकारी तथ्यांकले देखाएको छ । यसले एकातिर ठूलो धनराशि बाहिरिइर हेको छ भने अर्कातिर देशमा विद्यमान सम्भावना ओझेलमा परेको छ । यसबाट हामीले चुकाइरहेको सामाजिक र मनोवैज्ञानिक मूल्य झन् महँगो छ । उच्च शिक्षा अध्ययनको क्षेत्रीय 'हब' (केन्द्र) बनेर लाभ लिन सक्ने मुलुक आज तल्लो तहको श्रम (ब्लु कलर जब) का लागि जनशक्ति निर्यात गर्न बाध्य छ । श्रम स्वीकृति वा विद्यार्थी भिसा, जसरी विदेशिए पनि बहुमत नेपालीले विदेशमा गर्ने तल्लो तहको श्रम नै हो । यसलाई रोक्न हामीले जति ढिला गर्छौं परिस्थिति उति बिग्रँदै जान्छ ।

नेपाललाई दुई तरिकाले उच्च शिक्षा अध्ययनको क्षेत्रीय केन्द्र बनाउन सकिन्छ । आर्थिक हिसाबमा पछाडि रहे पनि धेरै कुरामा नेपाल अब्बल छ । यिनै सबल पक्षबाट हामीले लाभ लिन सक्छौं । बौद्ध शिक्षा अध्ययन/अध्यापनको लागि नेपाल जस्तो उपयुक्त ठाउँ संसारमै छैन । लुम्बिनी, काठमाडौं लगायत विश्वविद्यालयहरूले बौद्ध शिक्षाको अध्यापन सुरु पनि गरिसकेका छन् । माउन्टेनियरिङ शिक्षाको लागि पनि नेपाललाई संसारकै अद्वितीय गन्तव्य बनाउन सकिन्छ । शिक्षाका माध्यमबाट मुलुकले आर्थिक लाभ लिन सक्ने अर्को मुख्य क्षेत्र 'स्टडी इन नेपाल' हुन सक्छ । अन्य मुलुकले सुरु गरि सकेको यो अभियान चलाउन राज्यले एउटा नीति र त्यसको कार्यान्वयनको लागि एउटा बोर्ड गठन गर्नुपर्छ । त्यस्तो बोर्डमा शिक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, अध्यागमन विभाग, नेपाल उद्योग वाणिज्य महासंघ, चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ आदि जस्ता व्यावसायिक संघ-संस्था लगायत सबै सरोकार वालालाई समेट्न सकिन्छ ।

बोर्डलाई नीति निर्माण र स्टडी इन नेपाल कार्यक्रमको प्रचार गर्ने जिम्मेवारी दिन सकिन्छ । सरकारले विदेशस्थित आफ्ना नियोगहरूलाई स्टडी इन नेपालको प्रचारप्रसारमा उपयोग गर्न सक्छ । व्यावसायिक संघ-संस्थालाई बोर्डमा सहभागी गराएपछि उनीहरूले पनि विदेशी विद्यार्थी नेपाल ल्याउन हरसम्भव प्रयास गर्छन् । स्टडी इन नेपालको अवधारणालाई मूर्त रूप दिन प्रतिष्ठित विदेशी विश्वविद्यालयको कार्यक्रम चलाएर विदेशी विद्यार्थी आकर्षित गर्न सकिन्छ । बेलायत, अस्ट्रेलिया, संयुक्त राज्य अमेरिका, मलेसिया लगायत अन्य देशका राम्रा विश्वविद्यालयका कार्यक्रम नेपालमा सञ्चालन गर्न सकिन्छ । यसो गर्दा सम्बन्धित देशमा एक डेढ करोड खर्च गर्नुपर्ने कार्यक्रम विद्यार्थीले नेपालमा १०-१५ लाख रुपैयाँमै अध्ययन गर्न पाउँछन् । यसबाट विदेशी विद्यार्थीलाई नेपाल ल्याउन र स्वदेशी विद्यार्थीको विदेश पलायन न्यूनीकरण गर्न सकिन्छ । विदेशी विश्वविद्यालयका कार्यक्रममा बाहिरबाट विद्यार्थी ल्याएर स्वदेशी विद्यार्थीमा 'विदेशबाट त अध्ययन गर्न यहाँ आइरहेका छन् भने हामी चाहिं किन बाहिर जाने' भन्ने मनोभाव विकास गर्न सकिन्छ ।

कतिपय विद्यार्थीले आर्थिक अभावका कारण स्वदेशमा आफ्नो रोजाइको विषयमा र कजेलमा उच्चशिक्षा हासिल गर्न नसकेको अवस्था छ । त्यसको लागि सरकारले उच्चशिक्षा अध्ययनका लागि विद्यार्थीलाई सस्तो ब्याजदरमा ऋण दिने नीति ल्याउनुपर्छ । बैंक, वित्तीय संस्थाले कृषि, ऊर्जा, वातावरण लगायत क्षेत्रमा जस्तै शिक्षामा पनि कुल कर्जाको निश्चित अनुपात अनिवार्य लगानी गर्नुपर्ने नीति राज्यले लागू गर्न सक्छ । नेपालमा त उल्टो नीति छ- विदेश जान सजिलै ऋण पाइने, स्वदेशमा अध्ययन गर्नको लागि नपाइने । फलस्वरूप आर्थिक रूपमा कमजोर परिवारका सदस्यहरू खर्चिलो तर अवसर र सम्भावना उच्च रहेका शिक्षा हासिल गर्नबाट वञ्चित भइरहेका छन् । बैंक, वित्तीय संस्थाले प्रवाह गर्ने कुल कर्जाको आधा प्रतिशत शिक्षामा अनिवार्य लगानी गर्नुपर्ने नीतिले पनि अहिलेको हिसाबमा २६ अर्ब रुपैयाँ हुने रहेछ । त्यसबाट हजारौं विद्यार्थी लाभान्वित हुन सक्छन् ।

विद्यार्थी पलायन रोक्न 'वर्क फोर्सको म्यापिङ' गर्नु जरूरी छ । नेपालमा कस्तो किसिमको र कुन तहको जनशक्ति आवश्यक छ भन्ने कुराको लेखाजोखा वा अध्ययन भएकै छैन । यसले गर्दा विद्यार्थी कुन विषयको अध्ययन सकेपछि राम्रो अवसर पाइन्छ भन्ने थाहा नपाएर अलमलमा परिरहेका छन्, या एउटै विषयमा सबै झुम्मिइरहेका छन् । जस्तो मेडिकलमा सबै एमबीबीएस भनेर हिंडिरहेका छन्, जबकि एमबीबीएसभन्दा बढी पारामेडिकल विषय अध्ययन गरेको जनशक्तिको ठूलो आवश्यकता छ । फिजियोथेरापी, रेडियो इमेजिङ टेक्नोलोजी, अप्थलमोलोजी, मेडिकल ल्याब टेक्नोलोजी जस्ता विषयमा स्नातक गरेका जनशक्तिको लागि नेपालमा राम्रो अवसर छ । वर्क फोर्स म्यापिङ गरियो भने कुन कुन क्षेत्रमा के कस्तो र कति जनशक्ति आवश्यक छ, पत्ता लाग्छ ।

आउने १० वर्षमा सूचना र सञ्चार प्रविधिमा कति, मेडिकलमा कति, होटल व्यवस्थापनमा कति, व्यवस्थापनमा कति, अरू कुन कुन क्षेत्रमा दक्ष जनशक्ति चाहिन्छ, आकलन गरेर त्यो अनुसारको जनशक्ति उत्पादन गर्न सकिन्छ । यसो गर्दा विद्यार्थीलाई पनि सजिलो हुन्छ । म्यापिङले कुन क्षेत्रमा गएँ भने मैले काम पाउँछु, मेरो लागि त्यो उपयुक्त क्षेत्र हो कि होइन जस्ता कुरामा निर्णय लिन विद्यार्थीलाई सघाउँछ । विश्वविद्यालय र कलेजहरूलाई पनि सोही म्यापिङ अनुसार 'यो क्षेत्रमा तयारी गर्नू, यो क्षेत्रमा केन्द्रित भएर अध्ययन अनुसन्धान गर्नू' भन्न सकिन्छ । यो सन्दर्भमा रोजगार दातासँग पनि समन्वय गर्नुपर्छ । उद्योग वाणिज्य संघ लगायत अन्य सरोकारवालासँग छलफल गरेर उनीहरूलाई कस्तो जनशक्ति आवश्यक पर्छ, सोको पहिचान गर्न सकिन्छ । त्यसपछि सोही अनुसारको दक्षता भएको जनशक्ति उत्पादनमा महाविद्यालयहरूलाई लगाउन सकिन्छ । अहिले हाम्रोमा उद्योगको आवश्यकता र शैक्षिक कार्यक्रमबीच तालमेलको अभाव छ । विश्वविद्यालयहरूले एकथरी जनशक्ति उत्पादन गर्छन्, उद्योगले अर्कोथरी खोजिरहेको हुन्छ । शिक्षित जनशक्तिलाई स्वदेशमै उपयुक्त रोजगारी दिलाउन यी दुईबीच तालमेल मिल्नुपर्छ ।

उद्योग र शैक्षिक संस्था बीचको सहकार्यले विद्यार्थीको इन्टर्नसिपलाई प्रभावकारी बनाउन पनि मदत गर्छ । उद्योगसँग छलफल गरेर तिनको आवश्यकता अनुसार सैद्धान्तिक ज्ञान पाएको विद्यार्थीलाई इन्टर्नसिपमा पठाउन सके दुवै पक्ष लाभान्वित हुन्छन् र इन्टर्नसिपलाई उद्योगले बाध्यताको रूपमा नभई अवसरको रूपमा लिने वातावरण बन्छ । यसो गर्दा भुक्तानी सहितको इन्टर्नसिपको अवधारणाले पनि सार्थकता पाउँछ । नेपालका उद्योगहरूले अध्ययन अनुसन्धानमा खर्च गरेको वा प्राज्ञिक मान्छेलाई लगानी गरेको विरलै पाइन्छ । तर उद्योगले आफ्नै हितका लागि पनि प्राज्ञिक अनुसन्धानमा खर्च गर्नुपर्छ । विदेशमा ठूला कर्पोरेट हाउसहरूले प्राज्ञहरूमा लगानी गर्छन् । उद्योगले कुनै 'पीएचडी स्कलर'लाई आफ्नै कम्पनीको सेरोफेरोमा अनुसन्धान गरिदिने आग्रह गर्न सक्छ । उसले लगानी गरेकामध्ये एक जनाले मात्रै कुनै नीति वा विधि पत्ता लगाइदियो भने पनि उद्योगको प्रगतिमा ठूलो योगदान हुन्छ ।

सरकारले नीति बनाएर संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर)को पैसामध्ये निश्चित अंश प्राज्ञिक अनुसन्धानमा खर्च गर्नुपर्छ भन्यो भने वित्तीय रूपमा कमजोर मान्छेले अध्ययन गर्ने मौका पाउँछ । यसमा सरकारको भूमिका एउटा नीति बनाएर वातावरण बनाइदिने मात्रै हो । त्यसैगरी कर्पोरेट क्षेत्रलाई छुट र सहुलियत दिएर पनि इन्टर्नसिपमा प्रोत्साहित गर्न सकिन्छ । कुनै शैक्षिक इतिहास नभएको मलेसियामा अहिले १३० देशका विद्यार्थी पढ्छन् । बंगलादेशका मात्रै १० हजारभन्दा बढी विद्यार्थी उच्च शिक्षाका लागि मलेसिया पुगेका छन् । तिनलाई सजिलै नेपाल ल्याउन सकिन्छ । भारतीय विद्यार्थी ल्याउन सकिने सम्भावना अझ धेरै छ ।

पछिल्ला वर्षहरूमा खाडी राष्ट्र दुबई क्रमशः शैक्षिक केन्द्र बनिरहेको छ । विश्वका सबै विश्वविद्यालयहरू त्यहाँ छन्, सबै देशका मान्छे आएर पढ्छन् । नेपालमा त सबैलाई मिल्ने हावापानी छ । दक्षिण अफ्रिकाबाट इन्जिनियरिङ गर्न भारत आउने विद्यार्थीलाई नेपाल ल्याउन ठूलो मिहिनेत गर्नु पर्दैन । त्यसका लागि हामीले दीर्घकालीन सोचका साथ वातावरण बनाउनुपर्छ । सरकारले नीति बनाएर सहजीकरण मात्रै गरिदिए पुग्छ, बाँकी काम निजी क्षेत्रले गर्छ । सरकारले यो तहको प्रोत्साहन दिन्छु मात्रै भनिदिए पुग्छ । उच्च शिक्षाका लगानीकर्ताबाट कर लिने बाहेक सरकारले केही गरेको देखिंदैन । यसमा सरकारी लगानी लगभग शून्य छ । १०० जना विदेशी विद्यार्थी ल्याउनेलाई भन्सार छुटमा बस ल्याउन दिंदा पनि सकारात्मक प्रभाव पर्छ । विदेशी विद्यार्थीको आगमनले पर्यटन क्षेत्रलाई पनि बढावा दिन्छ । कम्तीमा वर्षको एकपटक उसका परिवार भेट्न आउन सक्छन् । हामी भारत बाहेक अन्य देशका नागरिकलाई डलरमा भुक्तानी गर्न बाध्य पाछौं । विश्वमा कतै पनि राष्ट्रियता अनुसार शुल्क लिने चलन हुँदैन । यसले पनि विदेशी विद्यार्थीसामु तगारोको काम गरिरहेको छ ।

अर्को सुधार गर्नुपर्ने क्षेत्र भिसा हो । नेपालमा हालसम्म कूटनीतिक नियोग मार्फत विद्यार्थीलाई 'स्टुडेन्ट भिसा' दिने प्रावधान छैन । अहिलेको व्यवस्था अनुसार विद्यार्थी टुरिस्ट भिसामा नेपाल आएर सम्बन्धित शिक्षण संस्थामा भर्ना भइसकेपछि बल्ल शिक्षा मन्त्रालयको सिफारिसमा उक्त विद्यार्थीलाई एक वर्षको अध्ययन भिसा दिइन्छ । भिसाको ग्यारेन्टी नभई को पढ्न आउँछ वा जान्छ ? त्यसैले विदेशी विद्यार्थीलाई आकर्षित गर्न सरकारले सम्बन्धित विद्यार्थीलाई आफ्नै देशमा नेपालको स्टुडेन्ट भिसा उपलब्ध गराउनुपर्ने हुन्छ । अझ स्पष्ट भएर बुँदागत रूपमा भन्नुपर्दा नेपाललाई विश्वभरको अध्ययन केन्द्र बनाउने हो भने स्टडी इन नेपाल बोर्ड गठन, स्टुडेन्ट भिसा, नेपाललाई शैक्षिक गन्तव्यको रूपमा पहिचान गराउने कार्यक्रमहरूको आयोजना तथा नेपालमा भएको शैक्षिक संस्थाहरूको गुणस्तरको सुनिश्चितता जरूरी देखिन्छ ।

*(साभार: अनलाइनखबर)*

# ढोकामा उभिएर उपदेश मागेको हो त ?

मुक्तिबन्धु

*परोपदेशे पाण्डित्यम् सर्वेषाम् सुकरम् नृणाम्,*
*धर्मे स्वीयमनुष्ठानम् कस्यचित्तु महात्मनः ?*

अर्थात् अर्कालाई उपदेश दिँदा पाडित्य देखाउन त सबैलाई सजिलो छ, आफूले अरुलाई उपदेश गरेकै बाटोमा आफू हिँड्न भने एकाध महात्माले मात्र सकेका होलान् । भर्खरै दुई दिनअघि घरअगाडि उभिन आइपुगेका एक मगन्ते युवालाई मैले पनि एक घल्चा उपदेश पिलाएर पठाएँ ।

कुनै समय हुँदो हो, जिज्ञासु विद्यार्थीहरु विद्वान् गुरुका ढोकामा उभिएर पनि उपदेश माग्दा हुन् । हामीले जुन समय देख्यौं ढोकामा उभिएर भिखारीहरु उपदेश होइन, भीख माग्थे । दिए झोली थाप्थे । नदिए केही नबोली छिमेकका अरु ढोकाअगाडि अलख जगाउन पुग्थे । यसरी भीख मागिहिँड्नेलाई त्यसताका जोगी भनिन्थ्यो । जोगीहरु भेषधारी हुन्थे । यस्ता जोगी महिनामा एक-दुईजना मात्र देखिन्थे । गाउँबस्तीमा जोगी ढोकाअगाडि अलख जगाउन आइसकेपछि एक-दुई मुठी अनाज भिक्षा दिन एकाध अपवादलाई छाडेर धेरैजसो कन्जुसहरु पनि आँट गर्थे । भिखारीहरु विनाभिक्षा फर्कनुपर्ने अवस्था थिएन । नगदे व्यवहार चल्ने शहरमा भने गाउँको त्यो अन्नदानी रीतिस्थिति यथावत् रहने कुरा भएन, रहेन । हिजोआज हाम्रो शहरी समाजमा जतासुकैका जुनसुकै कन्जुसले पनि सदाबहार दिन सक्ने दातव्य के हो ? सबैलाई थाहा छ, त्यो भनेको उपदेश हो । अरुलाई उपदेश दिन खप्पिस पण्डितहरु अर्थात् कन्जुसहरु आफ्नै जीवनमा त्यो उपदेश कति लागू गरिरहेका हुन्छन् त ? सन्जोगले कतै हिमालमा महाकवि देवकोटाका सर्प भेटिए मात्र । अन्यथा यो पनि स्यालको सिङ खोज्नुजस्तै मृगमरीचिका मात्र हो । व्यवहार हेरेर निक्यौंलमा पुग्नुपर्दा हाम्रो समाजमा धेरैजसो उपदेश-पण्डितहरु गाला चड्काउन लायक नै हुन्छन् । यथार्थ यही छ ।

मगन्ते बन्नु ठीक होइन । दह्रा पाखुरा-पिँडौला भएकाले काम गरेर खानुपर्छ, मागेर होइन । यो आजको नेपालमा धेरैले सुनेजानेको उपदेश हो । मैले पनि धेरैलाई यो उपदेश बाँडेको छु । कान चिरेको छैन । गोरख मन्त्रहरु थाहै छैन । बराँठका सिङ पनि हातमा छैन । राति त्यसको आवाज सुनिएको पनि छैन । बिहान बोरा लिएर एक हट्टाकट्टा युवक 'मैले राति फेरि लाएकाो, सिधा दिनुस्' भन्न आइपुग्छ । त्यसलाई सिधा दिने कि यसरी झुक्याएर माग्नुहुँदैन भन्दै उपदेश दिने ? नाथ सम्प्रदायका योगीहरु कस्ता हुन्छन्, थाहा नभएको भए सजिलो हुन्थ्यो । थाहा छ, यस्ता हुँदैनन् । थाहा भएपछि सिधा दिन गाह्रो छ । नदिन पनि सजिलो छैन ।

हिजोआज घरअगाडि गल्लीमा दिनहुँजस्तो क्यासेट बजाउँदै बिरामीवाला टोलीहरु आउँछन् र ढोका ढकढक्याएरै भेटेर भन्छन्, 'किड्नी गयो । उपचार गर्न खर्च छैन । घरबाट सुको निस्कँदैन । सहयोग गर्नुहोस् । दया नै धर्म हो ।' आदि, आदि । एकदिन हैन, दुई दिन हैन, हप्तामा सातै दिन फरक-फरक टोली । । हामी सर्वसाधारण गृहस्थ । सबैका ग्यासैका चुल्हा । ग्यास किन्न नसक्दा चुल्हो बल्दैन । हरेक महिना घाटाको बजेट जान्छ । क्यासेट बजाएर कसको ढोका ढकढक्याउन जाने सर्वसाधारण जनताले ? माननीय, मन्त्री, तस्कर, माफिया, बिचौलिया, भ्रष्ट, डन, डाँका केही हुन अघि सरेको भए गृह मन्त्रालयले लाखौं अनुदान पनि दिँदो हो । त्यो हुन नसकेका वा नचाहेका सर्वसाधारण जनका लागि यहाँ दुःख पर्दा सघाउने सरकार छैन, मन्त्री-प्रधानमन्त्री कोही छैनन् । यस्तो स्थितिमा सर्वसाधारण गृहस्थले नाना थरीका पीडित आवाजहरुलाई खल्तीमा भए त मुखबुजो लगाइदिने, नभए के दिने ? कसरी दिने ? मैले कति आफ्ना अगाडि सारिएका बिचरा हातहरुलाई बाध्य भएरै भनेको छु, 'बिरामीले, विभिन्न आश्रम चलाउनेले सरकारसित कुरा राखेर माग्नुपर्छ । सरकारले दिन सक्छ । पीडित जनतालाई सहायता दिनु, विभिन्न पीडित जन आश्रमहरुलाई अनुदान दिनु जनकल्याणकारी सरकारको कर्तव्य हो । प्रस्तावनामै समाजवादी भनिआएको सरकारको त अनिवार्य दायित्व नै हो अकिन्चन जनतालाई मद्दत गर्नु । सर्वसाधारण हामीजस्ता गृहस्थसँग त के छ र ? के दिन सक्छ ? 'आफैं त महादेव उत्ताना टाङ ।' रातभरि रामायण सुनेकाले बिहान पण्डितसँग सीता कसकी श्रीमती हुँ ? भनेर सोध्यो भनेजस्तै । उपदेश जति दिए पनि अगाडि पसारिन आइपुगेको हातले बुझ्दैन ।

क्रमशः पृष्ठ-३...

## आईसीसी यू-१९ महिला टी-२० विश्वकप :

# यस्ता छन् ऐतिहासिक महिला विश्वकप खेल्ने १५ नेपाली खेलाडीहरू

काठमाडौं/नेपाली यू-१९ महिला क्रिकेट टोली ऐतिहासिक विश्वकपमा सहभागी हुनका लागि मलेसिया पुगिसकेको छ । जनवरी १८ देखि फेब्रुअरी २ सम्म हुने यू-१९ महिला टी-२० विश्वकपमा १६ टिमको सहभागिता छ । चार समूहमा गरी १६ टिम सहभागी हुने विश्रुवकपमा नेपाल समूह डी मा अस्ट्रेलिया, बंगलादेश र स्कटल्याण्डसँगै छ । नेपालले जनवरी १८ मा बंगलादेशसँग पहिलो खेल खेल्नेछ । यस्तै जनवरी २० मा स्कटल्याण्ड र जनवरी २३ मा अस्ट्रेलियासँग खेल्नेछ ।

विश्रुवकप खेलनका लागि पुजा महतोको कप्तानीमा १५ सदस्यीय टोली मलेसिया गएको छ । टोलीको उपकप्तानमा सोनी पाखिन छन् भने प्रशिक्षकमा महेश प्रसाद रिजाल छन् । महिला क्रिकेट इतिहासमै पहिलोपटक विश्वकप खेल्न लागेको नेपालको टोलीमा भएका १५ खेलाडीहरू कस्ता छन् त ? आज १५ खेलाडीहरूका बारेमा छोटकरीमा कुरा गर्नेछौं ।




**पुजा महतो**

पुजा महतो यू-१९ महिला टिमको कप्तान हुन् । पुजाले अलराउण्डरको भूमिकामा खेल्ने गर्छिन् । उनी दाँयाहाते ब्याटिङ र मिडियम बलिङ गर्छिन् । उनकै कप्तानीमा नेपाल ऐतिहासिक विश्रुवकपमा छनोट भएको थियो । उनको कप्तानीमा नेपालले यू-१९ महिला एसिया कप पनि खेल्दै पाकिस्तानलाई हराएको थियो ।

पुजा सफल कप्तान मात्र नभएर ब्याटिङ र बलिङमा पनि उत्तिकै अब्बल छिन् । उनी सिनियर टिममा पहिले मौका पाएर यू-१९ मा परेकी खेलाडी हुन् । सानैदेखि क्रिकेटमा रूचि राख्ने पुजा भारतीय खेलाडी रोहित शर्माबाट प्रभावित थिइन् । उनी भारतमा हुर्किएका कारण क्रिकेटको माहोलमा भिज्ने मौका पाएकी थिइन् र क्यानको नजरमा परिसकेपछि उनी पछाडि फर्केर हेर्नुपरेको छैन । विश्रुवकपमा बंगलादेशलाई हराएर एसिया कपको बदला लिने बताउँदै उनले भनेकी छन्, 'भिक्टोरी इज स्वीट बट रिभेन्ज इज द स्वीटेस्ट।'

**सोनी पाखिन**

सोनी पाखिन नेपाली यू-१९ महिला त्रिकेट टिमकी उपकप्तान हुन् । सोनीले नेपालका लागि २ टी२०आई पनि खेलेकी छन् । उनी दाँयाहाते ब्याटर हुन् । सर्लाहीमा जन्मिएर १० वर्षको हुँदादेखि क्रिकेट खेल्न सुरू गरेकी सोनीले काठमाडौं आएर ओएसिस क्रिकेट एकेडेमीबाट खेल्न थालेकी थिइन् । उनले बागमती प्रदेशको टिमबाट प्रधानमन्त्री कप महिला क्रिकेट खेलिसकेकी छन् ।

उनी विराट कोहली र अस्ट्रेलियाकी एलिस पेरीबाट प्रभावित भएको बताउँछिन् । विश्वकपमा छनोट हुनु भनेको एउटा सपना पूरा भएको बताउँदै उनी त्यसमा नेपालको जितको लागि आफ्नो बेस्ट प्रदर्शन दिन प्रयास गर्ने बताएकी छन् ।

**सना प्रवीण**

सना प्रवीण नेपाली यू-१९ क्रिकेट टिमकी ओपनिङ ब्याटर हुन् । १७ वर्षीय दाँयाहाते ब्याटर सनाले यसअघि सन् २०२२ मा भएको यू-१९ विश्वकपको छनोटदेखि नेपालको यू-१९ टिममा खेलेकी छन् । वीरगञ्जमा जन्मिएकी सनाले दाईले क्रिकेट खेलेको देखेर त्यसबाट सिको गर्दै क्रिकेट खेल्न थालेकी थिइन् ।

सनाले त्यसयता यस पटकको छनोट र यू-१९ एसिया कप हुँदै विश्वकपसम्मको यात्रा तय गरेकी छन् । उनले मधेश प्रदेशको टोलीबाट पिएम कप क्रिकेट र नवौं राष्ट्रिय खेलकुद खेलेकी छन् । उनी विराट कोहलीबाट प्रभावित भएको बताउँछिन् ।

अघिल्लोपटक विश्वकपमा छनोट हुन नसक्दा दु:ख लागेको तर यसपटकको विश्वकपमा छनोट भएर उक्त दु:खलाई सुखमा परिणत गर्न सफल भएको बताउँदै उनले विश्वकपमा एकदम राम्रो प्रदर्शन गर्न तयार रहेको बताएकी छन् । नेपालको जितको लागि महत्वपूर्ण पारी खेल्ने प्रतिबद्धता पनि उनले व्यक्त गरेकी छन् ।

**साबित्री धामी**

साबित्री नेपाली यू-१९ क्रिकेट टिमकी ब्याटर हुन् । १६ वर्षीय साबित्रीले सना प्रवीणसँग मिलेर ओपनिङ ब्याटिङ पनि गर्ने गर्छिन् भने विकेटकिपिङ पनि गर्छिन् । उनी यू-१९ टी२० विश्वकप छनोटदेखि नेपाली टिमको सदस्य हुन् । महेन्द्रनगरमा जन्मिएकी उनले ११ वर्षको उमेरदेखि क्रिकेट खेल्न थालेकी हुन् ।

सानोमा साथीहरूले क्रिकेट खेलेको देखेर क्रिकेट सुरू गरेकी साबित्रीले आफू पढ्ने स्कुलमा क्रिकेट एकेडेमी खुलेको केही समयमा त्यहीँ जोडिएर उनको यात्रा सुरू भएको थियो । उनले सुदूरपश्चिम प्रदेशबाट पिएम कप खेलेकी छन् । भारतीय क्रिकेटर शुभमन गिलबाट प्रभावित भएको बताउने साबित्री ऐतिहासिक विश्वकप खेल्ने टोलीमा हुन पाउँदा निकै उत्साहित छिन् । उनले विश्वकपमा ठुलो टिमसँग राम्रो प्रदर्शन गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

**किरण कुमारी कुँवर**

किरण नेपाली राष्ट्रिय क्रिकेट टिमकी ब्याटर हुन् । १८ वर्षीय किरणले बाँयाहाते ब्याटिङ गर्छिन् । उनले पनि सना प्रवीणजस्तै अघिल्लोपटकको विश्वकप छनोट पनि खेलेकी थिइन् जहाँबाट नेपाल अगाडि बढ्न सकेको थिएन । उनी त्यसबेलादेखि हालसम्म यू-१९ टिममा निरन्तर रूपमा छिन् । १३ वर्षको उमेरदेखि क्रिकेट खेल्न थालेकी उनी घरेलु क्रिकेटमा उनी कर्णाली प्रदेश महिला क्रिकेट टिमको कप्तान समेत हुन् । उनले पिएम कप तथा राष्ट्रिय खेलकुदमा खेलेकी छन्।

अघिल्लोपटक छनोट हुन नसकेपनि यसपटक पाएको अवसरमा अब धेरैभन्दा धेरै खेलहरू जितेर आउने किरणले प्रतिबद्धता व्यक्त गरेकी छन् । किरणको मनपर्ने क्रिकेटर भारतका बाँयाहाते यशश्वी जैसवाल र स्मृति मन्धना हुन् भने नेपालबाट रोहित पौडेल र सन्दीप लामिछाने धेरै मनपर्ने बताइन् ।

**अनु कडायत**

अनु नेपाली यू-१९ क्रिकेट टिमकी बलर हुन् । १७ वर्षीया अनुले तल्लोक्रममा केही रन पनि प्रहार गर्न सक्छिन् । उनले १२ वर्षको उमेरदेखि क्रिकेट खेल्न थालेकी हुन् । सानैदेखि अरूले खेलेको देखेर क्रिकेट खेल्न सुरू गरेकी उनी अघिल्लोपटक विश्वकपको छनोटदेखि नेपालको यू-१९ टोलीमा छन् । यद्यपी यसपटकको छनोटमा भने उनी खेलेकी थिइनन् । त्यसपछि भएको यू-१९ एसिया कपमा भने उनी खेलेकी थिइन् । त्यसपछि विश्वकपको टिममा पनि समावेश भइन् ।

विश्वकपमा खेलन पाउँदा निकै खुसी लागेको बताउँदै उनले विश्वकपमा अघिल्लो चरणमा प्रवेश गरेर इतिहास बनाउन आतुर रहेको बताएकी छन् ।

**कुसुम गोदार**

कुसुम नेपाली क्रिकेट टोलीकी बलर हुन् । १७ वर्षीय कुसुम मिडियम पेस बलिङ गर्छिन् । स्याङ्जामा जन्मिएकी उनले १२ वर्षको उमेरदेखि क्रिकेट खेल्न सुरू गरेकी थिइन् । उनी यू-१९ टी२० विश्वकप छनोटको बेलादेखि नेपालको टोलीमा छिन् । उनले यू-१९ एसिया कप पनि खेलिन् । बंगलादेशसँगको खेलमा एक विकेट लिएकी थिइन् ।

सुरूमा स्कुलको क्रिकेटमा सहभागी भएपछि क्रिकेटमा भिज्न थालेकी उनले घरेलु क्रिकेटमा गण्डकी प्रदेशको यू-१९ तथा सिनियर टोलीबाट खेल्ने गरेकी छन् । विश्वकप एउटा सपना रहेको र त्यो पूरा गर्न पाउँदा र ठुलो स्टेजमा खेल्न पाउँदा निकै खुसी लागेको बताउँदै विश्वकपमा राम्रो प्रदर्शन गर्न आतुर रहेको उनको भनाइ थियो ।

**सिमाना केसी**

सिमाना नेपाली क्रिकेट टोलीकी बलिङ अलराउण्डर हुन् । १८ वर्षीय सिमानाले दाँयाहाते ब्याटिङ र मिडियम पेस बलिङ गर्ने गर्छिन् । स्कुलको प्रतियोगितामा राम्रो प्रदर्शन गरेकी उनले त्यसपछि गण्डकी प्रदेशको टिमबाट घरेलु क्रिकेट खेलेकी छन् । विश्वकपमा नेपालको लागि अहिलेसम्मकै बेस्ट प्रदर्शन गर्ने उनको विश्वास छ । उनी भारतीय क्रिकेटर स्मृति मन्धनाकी फ्यान हुन् । नेपालबाट इन्दु बर्मा, सिता रानामगर र रुबिना क्षेत्रीको खेल मनपर्ने उनको भनाइ छ ।

**कृष्मा गुरुङ**

कृष्मा नेपाली क्रिकेट टोलीकी बलर हुन् । १७ वर्षीय कृष्माले दाँयाहाते मिडियम पेस बलिङ गर्ने गर्छिन् । विद्यालय स्तर देखि क्रिकेट खेल्न थालेकी उनले बागमती क्रिकेट एकेडेमीबाट क्रिकेट यात्राको सुरू गरिन् । त्यसपछि उनी बागमती प्रदेशको टिमबाट घरेलु क्रिकेट खेलेकी छन् । उनी नेपालको यू-१९ टोलीमा विश्वकप छनोटको बेलादेखि छिन् । उनले छनोट अन्तर्गत यूएईसँगको महत्वपूर्ण खेलमा चार विकेट लिँदै नेपालको जितको आधार बनाएकी थिइन् । विश्वकपमा पनि राम्रो बलिङ प्रदर्शन गरेर विपक्षीलाई चूनौति दिने उनको विश्वास छ ।

**अलिशा कुमारी यादव**

अलिशा नेपाली यू-१९ टिमकी विकेटकिपर ब्याटर हुन् । १८ वर्षीया अलिशाले दाँयाहाते ब्याटिङ गर्ने गर्छिन् । बारामा जन्मिएकी अलिशाले स्कुल पढ्दाखेरि जिल्लाको छनोटबाट खेल्दै जाँदा क्रिकेट खेल्ने इच्छा बढ्दै गएको र त्यसपछि क्रिकेट यात्रा सुरू गरेकी थिइन् । सुरूमा मधेश प्रदेशको यू-१९ टिमबाट खेल्ने गरेकी उनले त्यसपछि मधेश प्रदेशको महिला टोलीबाट पीएम कपमा पनि खेलिसकेकी छन् ।

उनी यसअघिको छनोट चरणका बेलादेखि नेपालको टिममा छिन् । यसपटकको छनोटदेखि एसिया कप र विश्वकपसम्मै उनी लगातार रूपमा टिममा समावेश छिन् । विकेटकिपिङको भूमिकामा रहने उनी भारतका लिजेण्डरी त्रिकेटर महेन्द्रसिंह धोनीबाट प्रभावित भएको बताउँछिन् । त्यस्तै स्मृति मन्धनाको खेल राम्रो लाग्ने बताइन् ।

**रिया शर्मा**

रिया नेपाली यू-१९ टिमकी बलर हुन् । १६ वर्षीया रियाले दाँयाहाते लेग ब्रेक बलिङ गर्ने गर्छिन् । झापामा जन्मिएकी रियाले १२ वर्षको उमेरदेखि क्रिकेट खेल्न थालेकी हुन् । स्कुलमा क्रिकेट खेल्दै गर्दा एकेडेमीमा पनि खेल्न थालेको र त्यसपछि उनको क्रिकेट यात्रा सुरू भएको थियो । उनले पीएम कपमा कोशी प्रदेशको टिमबाट खेलेकी छन् । त्यसपछि यू-१९ टिममा परेकी थिइन् । विश्वकप छनोटका बेलादेखि नेपालको यू-१९ टिममा रहेकी रियाले यू-१९ एसिया कप पनि खेलिन् ।

पहिलोपटक विश्वकप खेल्न लाग्दा नर्भस पनि भएको र उत्साहित पनि उत्तिकै रहेको उनको भनाइ छ । धेरैभन्दा धेरै विकेट लिएर राम्रो प्रदर्शन गर्ने उनको भनाइ छ । उनी सन्दीप लामिछानेको लेगस्पीन बलिङबाट प्रभावित भएको बताउँछिन् ।

**रचना कुमारी चौधरी**

रचना नेपाली यू-१९ टिमकी बलर हुन् । १७ वर्षीया रचनाले बाँयाहाते स्पीन बलिङ गर्छिन् । सुदूरपश्चिममा जन्मिएर परिवारसँग पोखरा बसाइसराइ गरेपछि उनले स्कुलमा हुँदादेखि क्रिकेटमा रूचि राख्दै क्रिकेट खेल्न थालेकी थिइन् । त्यसपछि जिल्ला छनोट हुँदै उनले गण्डकी प्रदेशको टोलीसम्मै अवसर प्राप्त गरिन् । उनले गण्डकी प्रदेशको टोलीबाट पीएम कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता खेलेकी छन् ।

उनी यसपटकको विश्वकप छनोटदेखि नेपालको टोलीमा समावेश छिन् । छनोटमा उनले एकै खेलमा चार विकेटसहित सर्वाधिक ११ विकेट लिएकी थिइन् । उनले त्यसपछिको एसिया कप पनि खेलिन् । विश्वकपमा राम्रो बलिङ प्रदर्शन गर्ने बताउँदै उनले एकै खेलमा पाँच विकेट लिन सक्ने अठोट व्यक्त गरेकी छन् ।

**ज्योत्सनिका मरासिनी**

ज्योत्सनिका नेपाली यू-१९ टिमकी ब्याटर हुन् । १७ वर्षीया दाँयाहाते ब्याटर ज्योत्सनिका नेपालको मिडल अर्डरमा खेल्ने गर्छिन् । स्याङ्जामा जन्मिएकी उनी सानोमा फुटबल खेल्ने गरेकी इन्जुरीपछि क्रिकेटतर्फ लागेकी थिइन् । १३ वर्षको हुँदादेखि क्रिकेट खेल्न सुरू गरेकी उनले स्कुल लेभल खेल्दै गर्दा उत्कृष्ट खेलाडी भएकी थिइन् ।

त्यसपछि अन्तर जिल्ला खेलहरू खेल्दै गर्दा उनी गण्डकी प्रदेशका लागि छानिएकी थिइन् । गण्डकी प्रदेशबाट पछिल्लोपटक पीएम कप खेलेकी उनी इमर्जिङ प्लेयर पनि घोषित भएकी थिइन् । उनी नेपालको यू-१९ टिममा विश्वकप छनोटदेखि नै छिन् । विश्वकप खेल्न पाउनु नै ठुलो कुरा भएको बताउँदै उनी समूह चरणमा राम्रो प्रदर्शन गरेर सुपर सिक्समा पुग्ने सपना रहेको बताएकी छन् । उनलाई दिपेन्द्रसिंह ऐरी र विराट कोहलीको खेल धेरै मनपर्ने बताइन् ।

**तृष्णा विक**

तृष्णा नेपाली यू-१९ टिमकी अलराउण्डर हुन् । उनले दाँयाहाते ब्याटिङ गर्दै मिडल अर्डरमा खेल्ने गर्छिन् भने पार्ट टाइम मिडियम बलिङ पनि गर्छिन् । भैरहवामा जन्मिएकी तृष्णाले ६ वर्ष अघि क्रिकेट सुरू गरेकी थिइन् । सँगै पढ्ने साथीले एकेडेमी जोइन गरेको देखेर आफू पनि रमाइलोको लागि सुरू गरेको बताउने उनी नेपालकै टिमबाट विश्वकपसम्म आइपुगेकी छन् । उनले कर्णाली प्रदेशको टोलीबाट पीएम कप खेलेकी छन् भने मैयादेवी कप, सुशील कोइराला कप लगायतका प्रतियोगिता खेलेकी छन् ।

विश्वकपमा छनोट हुँदा धेरै गर्वको महसुस भएको बताउँदै उनी विश्वकपमा सहभागी हुन पाउँदा उत्साहित रहेको र सुपर सिक्समा पुग्नेमा विश्वस्त रहेको बताएकी छन् । उनी इंग्ल्याण्डका जो रूट र भारतकी स्मृति मन्धनाको खेलबाट प्रभावित भएको बताउँछिन् ।

**स्नेहा महरा**

स्नेहा नेपाली यू-१९ टिमकी बलर हुन् । १७ वर्षीया स्नेहाले दाँयाहाते लेग ब्रेक बलिङ गर्छिन् । कैलालीमा जन्मिएकी स्नेहाले ११ वर्षको उमेरदेखि क्रिकेट खेल्न थालेकी हुन् । बुबा प्रहरीमा भएकाले छोरी पनि फिटनेस क्षेत्रमा लागेहुन्थ्यो भन्ने चाहना अनुरुप उनी क्रिकेटमा लागेकी थिइन् । उनी यसअघिको विश्वकप छनोटमा पनि नेपाली यू-१९ टिमकी सदस्य थिइन् । त्यसबेलादेखि उनी अहिलेको यू-१९ विश्वकप छनोट र एसिया कपदेखि विश्वकपको टिममा समावेश भइन् । उनले घरेलु क्रिकेटमा सुदूरपश्चिम प्रदेशको टिमबाट खेल्ने गरेकी छन् ।

अघिल्लोपटक छनोट हुन नसक्दा दु:ख लागेको भएपनि यसपटक छनोट हुन पाउँदा निकै खुसी र उत्साहित रहेको उनको भनाइ छ । उनी भारतीय क्रिकेटर विराट कोहलीको मेहेनत, कन्फिडेन्स र खेलबाट प्रभावित भएको बताउँछिन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'जुना' टिजरमा अनमेल विवाहले पार्ने असरको कथा



काठमाडौं/यही माघ २५ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'जुना: एक व्यथा'को टिजर सार्वजनिक गरिएको छ । मंगलबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक २ मिनेट लामो टिजरले कथावस्तुबारे प्रकाश पार्छ । अभिनेत्री अस्मिता ढकालमा केन्द्रित टिजरले अनमेल विवाह गर्न बाध्य एउटी नाबालिगले पतिको घरमा भोग्नुपरेको दु:ख र मानसिक पीडालाई मर्मस्पर्शी रुपमा देखाएको छ ।

जीवन सेञ्चुरीको निर्देशनमा तयार भएको फिल्ममा अस्मितासहित देशभक्त खनाल, रश्मी भट्ट, अनिता बस्नेत, कमल बोहोरा, कृष्णप्रसाद धिताल, अस्मिता बस्नेत, खगेन्द्र न्यौपाने लगायतको अभिनय छ । फिल्मको दर्जनौंपटक च्यारिटी शो भइसकेको छ । केही ठाउँमा फिल्म हेर्ने क्रममा दर्शकहरु रोएर बेहोस समेत भएको निर्देशक सञ्चुरीले बताए ।

बाल विवाह र महिला हिंसाविरुद्धको कथावस्तुमा आधारित भएर बनेको फिल्मका निर्माता दीपकप्रसाद घिमिरे हुन् । 'बुलाकी'बाट लेखनमा राष्ट्रिय अवार्ड जितेका राजबहादुर सानेको कथा रहेको फिल्ममा बीबी अनुरागी र रमेश सेञ्चुरीको संगीत, जीवन सेञ्चुरी र भीमबहादुर पौडेलको शब्द, अञ्जु पन्त, पूर्णकला बिसी र यदुराई लकान्द्रीको पार्श्व गायन तथा रामेश्वर हुमागाईंको डीओपी छ ।

# 'फेरि रेशम फिलिली'को 'ग्रीन कार्डैमा' गीत रिलिज

काठमाडौं/करिब ९ वर्षअघि प्रदर्शनमा आएको फिल्म 'रेशम फिलिली'को सिक्वेलको रुपमा निर्माण भएको 'फेरि रेशम फिलिली'को पहिलो गीतको रुपमा 'ग्रीन कार्डैमा' सार्वजनिक गरिएको छ । मंगलबार माघे संक्रान्तिको अवसर पारेर सार्वजनिक उक्त गीतमा दीपक शर्माको शब्द रचना तथा संगीत रहेको छ भने डेविट शंकरको पार्श्व गायन छ । गीतमार्फत फिल्मको कथा बुझाउन खोजिएको छ ।



फिल्मका मुख्य पात्र विनय श्रेष्ठले अमेरिकाको ग्रीन कार्ड पाएपछि उनलाई विदाई गर्न गाउँ नै ओर्लिन्छ । युवतीहरु उनका लागि हानाथाप गर्छन् । गीतमा नेपालीहरुको अमेरिकी सपनालाई दर्शाइएको छ । र, फिल्मको कथा यसैमा केन्द्रित रहेको प्रष्ट बुझिन्छ । गीतमा विनयसहित नीर शाह, कामेश्वर चौरासिया, प्रकाश घिमिरे, लक्ष्मी गिरी, मेक्सम गौडेल लगायत चित्रित छन् ।

सिनेमा आर्ट र वि मोसन पिक्चर्सको सहकार्यमा निर्माण भएको फिल्मका निर्देशक निरोज महर्जन हुन् । रौनक विक्रम कँडेल निर्माता रहेको फिल्मका कार्यकारी निर्माता सुरज विक्रम ठकुरी र सह-निर्मातामा एनि थापा छन् । सुसन प्रजापतीको छायांकन रहेको फिल्ममा निर्देशक महर्जन र आकाश बरालको पटकथा लेखन छ ।

फिल्ममा विनयको जोडी अभिनेत्री सुपुष्पा भट्टसँग बाँधिएको छ । 'रेशम फिलिली'मा भने मुख्य अभिनेत्रीको रुपमा मेनुका प्रधान थिइन् । सिक्वेलमा उनी दोहोरिएकी छैनन् । शिशिर वाङ्गदेल, रविन्द्र झा, महेश त्रिपाठी, एवनराज उप्रेती लगायतको पनि अभिनय रहेको फिल्ममा सुरेन्द्र पौडेलको सम्पादन छ । यो फिल्म महाशिव रात्रिको दिन पारेर आगामी फागुन १४ गते प्रदर्शनमा आउँदैछ ।

# 'महाभोज'को मुहूर्त, एकसाथ देखिँदैछन् आर्यन, दयाहाङ र खगेन्द्र



काठमाडौं/'पूजार सार्की'को सफलतापछि निर्देशक दिनेश राउत अब नयाँ फिल्म 'महाभोज' बनाउँदैछन् । मङ्गलबार माघे सङ्क्रान्तिको दिन पारेर कमलादीस्थित गणेश मन्दिरमा फिल्मको शुभमुहूर्त गरिएको छ ।

फिल्मका शीर्ष कलाकारहरु दयाहाङ राई, आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, गौमाया गुरुङ, मलिका महत लगायतको उपस्थितिमा मन्दिरमा विशेष पूजा गरिएको थियो ।

सामाजिक कथावस्तुमा बन्न लागेको फिल्मको छायांकन भने यसै साताबाट तालनगरी पोखरामा सुरु हुनेछ । फिल्मको छायांकन तालिका ४५ दिनको राखिएको छ । बसुन्धरा भुसाल, मोहन निरौला, बुद्धि तामाङ, कमलमणि नेपाल, पुष्कर गुरुङ, विनोद न्यौपाने, आभा अर्याल, वीरेन्द्र सिंह कुशवाह लगायतको पनि फिल्ममा अभिनय रहनेछ ।

निर्देशक राउतले 'महाभोज' समाजमा हुने विश्वासघात र भ्रष्टाचारविरुद्धको कथा रहेको बताए । 'फिल्ममा नागरिकको जिम्मेवारी, न्याय, पारदर्शिता, र सामाजिक जागरणको महत्त्व देखाउने प्रयास गर्नेछु,' उनले मुहूर्तमा भने, 'देशमा भइरहेका प्रणालीविहीन कामविरुद्ध जब नागरिकको सहनशीलताको बाँध टुट्छ, तब समाजले कस्तो रूप लिन्छ भन्ने कथा यसमा छ ।'

'नाङ्गो गाउँ,' 'दु:खी आत्मा' निर्माण गरिसकेका हिमाल कडरिया फिल्मका निर्माता हुन् । कार्यकारी निर्माताहरूमा किरण नेपाली र सुदिप ढकाल रहेका छन् । फिल्ममा 'प्रकाश' र 'पूजार सार्की'का लेखक विकास सुवेदीको लेखन छ भने राजेश श्रेष्ठले छायांकन गर्ने जिम्मेवारी पाएका छन् । सम्पादन भने निमेष श्रेष्ठले गर्नेछन् । 'महाभोज'लाई आगामी जेठमा रिलिज गर्ने तयारी गरिएको छ ।

# ढोकामा उभिएर उपदेश...

नोट नराखिदिएसम्म याचनाका हातले कुरै बुझ्दैन । पीडाका पिरलो र रन्थनाहटले गर्दा नबुझेको हो कि व्यावसायिक जिद्दी हो । छुट्याउन सजिलो छैन । कति टाठाबाठाले मान्छे भर्ना गरेरै माग्ने व्यवसाय चलाएका छन् पनि भनिन्छ । मगन्ते व्यवसायमा लाइसेन्स चाहिँदैन, भ्याट पनि लाग्दैन । हाम्रो गाउँघरमा त भिखारी इतरले पनि अनाज माग्ने चलन नयाँ होइन । हिउँदमा नगर्चीहरु नगरा बजाउँदै आँगनमा झुल्कन्थे । कोही आँगनमा छिर्थे र पर्खालमा बसेर सहनाई बजाउँथे । लामाहरु आँगनमा उभिएर तिब्बती भाषामा शान्तिपाठ गर्थे । तिब्बत रुपान्तरण हुनुअघि थाक्सेहरु माने पेमे हुम् भन्दै अन्नदान माग्न आउँथे । कदाचित् गन्धर्वहरु पनि सारङ्गी लिएर टुप्लुक्क आइपुग्थे । यी सबै घरका केटाकेटी र बूढाबूढीका आँखा र कानलाई पर्याप्त रमाइलो दिन्थे । आपसमा आत्मीयता र आफन्तपन थियो । यो गाउँको कुरा भयो । शहरको कुरा फरक छ ।

शहर बेग्लै छ । हाम्रो काठमाडौं त झन राजधानी शहर । अपरिचित रहनु, नबोल्नु सभ्यता बनेको छ शहरको । यहाँ छरछिमेक भन्ने कुरा छैन । एउटै घरमा डेरा गरिबसेकाहरु पनि आपसमा अपरिचित रहनु सभ्यता ठान्छन् । ठूला दरबार, महल, बङ्गला कम्पाउन्डहरुमा त प्राय: कुक्कुरहरु मात्र बस्छन् । ती बोल्दैनन्, भुक्छन् । कथम् कदाचित् कोही ढोका उघारेर भित्र पस्यो भने त्यसका शरीरमा तीखा दाँतले यत्रतत्र गहन चुम्बन गरिदिन्छन् । अविस्मरणीय र भव्य स्वागत गर्छन् । यसैले शहरमा भीख माग्न पनि सजिलो छैन । ठूला घरहरुले सुन्दैनन् । साना घरहरु आफ्नै कानसँग डराउँदै सुन्छन् । नसुनेको बहाना गर्छन् । यहाँ धन हुनेसँग मन छैन । मन हुनेसँग धन छैन । यो पशुपतिनाथको नगरी । यहाँ विभिन्न चाडको अवसर पारेर छिमेकी मुलुकका भेषधारी बाबाहरु पनि शङ्ख फुक्दै, घण्ट बजाउँदै, त्रिशूल हल्लाउँदै भयङ्कर आक्रामक शैलीमा शहर-गल्लीमा प्रकट हुन्छन् ।

*(साभार: न्युज अफ नेपाल)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा-१२ आज बालमैत्री वडा घोषणा हुने



साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/हेटौंडा उपमहानगरपालिका-१२ लाई आज बुधबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ । 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने नारासहित बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको हो ।

पत्रकार सम्मेलनमार्फत हेटौंडा-१२, का वडासदस्य महेश भट्टराईले निकृष्ट बालश्रममुक्त र बालबिवाहमुक्त वडा घोषणा गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने जानकारी दिए । ४७ वटा सूचकमा सतप्रतिशत र बाँकी ४ वटा सूचकमा घोषणाका लागि आवश्यक न्युनतम प्रतिशत नतिजा हासिल गरेकाले बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको भट्टराईले बताए ।

बालअधिकारका चार क्षेत्र बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिताको ३६ र संस्थागत विकासको १५ प्रतिशत गरी बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचक पूरा भएको उनले बताए । घरधुरी तथ्यांक संकलन सर्वेक्षण २०७९ अनुसार यो वडामा कुल २ हजार २ सय ३६ घरधुरी रहेको छ ।

वडामा १८ वर्षमुनिका बालबालिका ३ हजार ७८ रहेको छ । जसमा १ हजार ५ सय ७८ बालक र १ हजार ५ सय बालिका छन् । सामुदायिक र संस्थागत गरी ५ वटा विद्यालय रहेको छ । २२ वटा बालसमूह र १ वडास्तरीय बाल सञ्जाल रहेको छ । जसमा ५ सय ५० जना बालबालिका आवद्ध छन् ।

विभिन्न संरचनागत समितिमा ५ सय ८९ जना बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको बताइएको छ । २०७९ भदौ २४ गते हेटौंडा उपमहानगर कार्यपालिका बैठकले सम्पूर्ण वडा र पालिकालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गर्ने निर्णय गरिएको थियो ।

२०७९ मंसिर २० गते सरोकारवाला निकायको उपस्थितिमा अभिमुखीकरण र प्रतिवद्धता जाहेर गर्दै अभियान सुरु गरिएको हो ।

# त्रिविका क्याम्पसमा कतै विद्यार्थीका, कतै शिक्षकका ताला

काठमाडौं, १ माघ/ त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा पाँच विद्यार्थी संगठनले ताला लगाएको एक महिना बढी भयो । विद्यार्थी संगठनहरूले क्याम्पसका प्रिन्सिपल ध्यानेन्द्र राईलाई विश्वविद्यालय प्रवेशमा पनि रोक लगाएका छन् । प्रिन्सिपल राईले क्याम्पसबाहिरै बसेर काम गरिरहेका छन् ।

एनपील प्रतियोगिताको पार्किङ शुल्कको विषयमा विद्यार्थी संगठनले २५ मंसिरमा ताला लगाएका थिए । छानबिनको माग राखेर अखिल क्रान्तिकारी, अनेरास्ववियू, अखिल छैटौं, अखिल समाजवादी, नेपाल समाजवादी विद्यार्थी युनियनले ताला लगाएका हुन् । वार्ताको प्रक्रियाअगाडि बढे पनि सहमति जुटेको छैन । 'छलफल भइरहेको छ । सहमति भएपछि ताला खोल्छौं,' त्रिवि अखिल क्रान्तिकारीका अध्यक्ष दिनेश ऐरले भने । एक महिनादेखि ताला लाग्दा दैनिक कामकाज ठप्प छ । 'शिक्षक कर्मचारीलाई तलब खुवाउने बेला भयो । ताला लागेका कारण दैनिक कामकाज गर्न पाएका छैनौं,' क्याम्पसका प्रिन्सिपल राईले भने ।

त्रिविको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) ले नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो दिन पार्किङबाट अपारदर्शी ढंगले शुल्क उठाएको आरोपमा पाँच विद्यार्थी संगठनले छानविनको माग राखेका हुन् । तर, स्ववियुका पदाधिकारीहरूले आफूहरूले शुल्क नउठाएको दाबी गर्दै आएका छन् । यही विषयमा स्ववियूको कार्यालय र रजिस्ट्रार कार्यालयअन्तर्गतको सामान्य प्रशासन महाशाखामा पनि ताला लगाइएको छ ।

### त्रिचन्द्रमा आंशिक शिक्षकको ताला, कक्षा बहिस्कार

त्रिचन्द्र बहुमुखी क्याम्पसमा आंशिक शिक्षकले ताला लगाएको एक महिना बित्यो । एक महिनादेखि क्याम्पस प्रमुख प्राध्यापक डा. नीलम श्रेष्ठ प्रधान आफ्नो कार्यकक्षमा जान पाएकी छैनन् । आंशिक शिक्षकले १८ महिनादेखि तलब नपाएको भन्दै गत १ पुसदेखि क्याम्पस प्रमुख, लेखा र प्रशासनको कोठामा ताला लगाएका हुन् । 'वार्ता भए पनि सहमति भएको छैन । तलब पाएका छैनौं,' आंशिक प्राध्यापक संघ, त्रिचन्द्र क्याम्पस इकाइका अध्यक्ष सतीशचन्द्र झाले भने ।

आंशिक शिक्षकले कक्षा पनि बहिस्कार गरेका छन् । तलब नपाएसम्म नपढाउने अडानमा आंशिक शिक्षक छन् । गत भदौमा २०८० सम्मको सबै तलब दसैंअगाडि र २०८१ वैशाखदेखिको तलब मंसिरसम्म भुक्तानी गर्ने सम्झौता भए पनि कार्यान्वयन नभएको झाले बताए ।

शैक्षिकसत्र २००१/०८२ को नवीकरण गर्नुपर्ने, करारको प्रक्रिया पूरा गर्नुपर्ने, पारिश्रमिकबाट कट्टा गरिएको १५ प्रतिशत कर प्राध्यापकहरूको व्यक्तिगत प्यानमा सुनिश्चित गर्नुपर्नेलगायतका माग आंशिक शिक्षकहरूको छ ।

### भक्तपुर क्याम्पसका प्रमुख दुई महिनादेखि बाहिरै

भक्तपुर क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)ले क्याम्पस प्रमुख कविता लुइँटेललाई क्याम्पस प्रवेशमा रोक लगाएको दुई महिना भयो । क्याम्पस प्रमुख लुइँटेल कार्यकक्षमा जान पाएकी छैनन् । क्याम्पसको जग्गा भक्तपुर नगरपालिकलाई दिएको आरोप लगाउँदै स्ववियुले प्रमुख लुइँटेललाई २९ कात्तिकबाट प्रवेशमा रोक लगाएको हो । 'प्रवेश निषेध भनेको छ । क्याम्पसमा गएर काम गर्न पाएको छैन,' प्रमुख लुइँटेलले भनिन् । गत कात्तिक २८ मा जिल्ला प्रशासन कार्यालय भक्तपुरमा त्रिविका रजिस्ट्रार केदारप्रसाद रिजाल, क्याम्पस प्रमुख लुइँटेल, भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापति, पुरातत्वका प्रधिननिधिसहित बाटोका लागि २० फिट दिने सहमति भयो । उक्त सहमतिमा असहमति जनाउँदै स्ववियुले क्याम्पस प्रमुखलाई प्रवेशमा रोक लगाएको हो ।

*(स्रोत: अनलाइनखबर)*

# बागमतीका ६७ सहकारीलाई कारबाही गर्न पत्राचार

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले प्रदेशका ६७ वटा सहकारी संस्थाका सञ्चालकमाथि कारबाही गर्न प्रहरीलाई पत्राचार गरेको छ ।

बचतकर्ताको रकम फिर्ता नगर्ने, समस्या समाधानका लागि पत्राचार गर्दा पनि सम्पर्कमा नआउने ६७ वटा सहकारी संस्थाका सञ्चालकमाथि कारबाही अघि बढाउन सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा पत्राचार गरिएको मन्त्रालय अन्तर्गतको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयका रजिष्ट्रार राजन पोखरेलले जानकारी दिए ।

उनका अनुसार कारबाहीका लागि प्रहरी कार्यालयमा पत्राचार गरिएका अधिकांश सहकारी संस्था उपत्यका भित्रका छन् । 'बचत रकम फिर्ता नपाएको भन्दै पीडितले दिएको निवेदनका आधारमा हामीले सम्बन्धित सहकारी संस्थाका सञ्चालकलाई पत्राचार गर्‍यौं', रजिष्ट्रार पोखरेलले भने, 'तीमध्ये धेरै सहकारीका सञ्चालक सम्पर्कमा आउँनै चाहेनन्, कतिपय सम्पर्कमा आएपनि रकम फिर्तागर्न आलटाल गरिरहेका छन् ।

त्यसैले कारबाहीका लागि सम्बन्धित जिल्लाका प्रहरी कार्यालयमा पत्राचार गरेका छौं ।'

बागमती प्रदेश सरकारले दुईवटा सहकारी संस्थालाई समस्याग्रस्त सहकारीकारुपमा घोषणा गरेको छ । प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका अनुसार काठमाडौंको सिभिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ र काठमाडौंको कीर्तिपुरस्थित दर्शन बचत तथा ऋण सहकारी सस्थालाई समस्याग्रस्त सहकारी घोषणा गरेको हो ।

# कुल निक्षेप र कर्जाप्रवाह बागमतीमा बढी

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०८०/८१ मा कुल निक्षेप परिचालन र कर्जा प्रवाहमा बागमती प्रदेशको अंश सबैभन्दा बढी देखिएको छ ।

बागमतीमा निक्षेप परिचालन ६६.७२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको निक्षेप परिचालन अंश सबैभन्दा कम १.१६ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५७.८० प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्जाप्रवाहको पनि कर्णाली प्रदेशको अंश १.१५ प्रतिशत रहेको छ ।

राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनअनुसार कृषिक्षेत्रमा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी बागमती प्रदेशको हिस्सा ३४.५६ प्रतिशत रहेको छ । कृषिक्षेत्रमा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा कम कर्णाली प्रदेशको १.५५ प्रतिशत रहेको छ ।

विपन्नवर्गमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ४७.२६ प्रतिशत रहेको छ । बिपन्न बर्गमा प्रवाहित कर्जा सबैभन्दा कम कर्णाली प्रदेशमा १.४१ प्रतिशत रहेको छ । सहुलियतपूर्ण कर्जातर्फ सबैभन्दा बढी बागमती प्रदेशमा ३५.२२ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा १.५७ प्रतिशत रहेको छ ।

बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या ११ हजार ३५२ रहेको छ । यसमध्ये सबैभन्दा बढी शाखा संख्या बागमती प्रदेशमा ३ हजार ३८ रहेको छ र सबैभन्दा कम कर्णाली प्रदेशमा ४७५ रहेको छ ।

मोवाइल बैंकिङ प्रयोगकर्ताको संख्या सबैभन्दा बढी बागमती प्रदेशमा ६६ लाख १६ हजार ४६५ रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ५ लाख १९ हजार ९२१ रहेको छ ।

इन्टरनेट बैंकिङ प्रयोगकर्ता सबैभन्दा बढी बागमती प्रदेशमा ६ लाख ६८ हजार ६७२ र सबैभन्दा कम कर्णाली प्रदेशमा १५ हजार २९१ रहेको छ । डेबिड कार्ड र क्रेडिट कार्ड प्रयोगकर्ताको संख्या सबैभन्दा बढी बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको छ ।

समीक्षाअवधिमा सबैभन्दा बढी पुनरकर्जाको प्रवाह बागमती प्रदेशमा २६.८६ र सबैभन्दा कम कर्णाली प्रदेशमा २.४५ प्रतिशत भएको छ । समीक्षाअवधिमा सबैभन्दा बढी शाखारहित बैंकिङसेवा कोशी प्रदेशमा २७३ र सबैभन्दा कम कर्णाली प्रदेशमा २८ तथा मधेश प्रदेशमा १३६ रहेको छ ।

# प्रदेशप्रमुख देवकोटाले दिए माघीको शुभकामना

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले आज मंगलबार परेको माघेसंक्रान्ती (माघी) पर्वको अवसरमा प्रदेशबासीमा शुभकामना सन्देश व्यक्त गरेका छन् ।

'बागमती प्रदेश, देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा सुख, शान्ति, सुस्वास्थ्य, उन्नति तथा समृद्धिको शुभकामना व्यक्त गर्दछु' उनले शुभकामना सन्देशमा भनेका छन् । माघेसंक्रान्ती/माघी पर्वलाई खासगरी थारु र मगर समुदायले मनाएपनि यो पर्व सम्पूर्ण नेपालीले आ-आफ्नै मौलिक तरिकाले मनाउने प्रचलन छ । मौलिक संस्कृतिका धनी थारु समुदायले यसलाई अति उल्लासका साथ नयाँवर्षको रुपमा नाँचगान, आफन्त भेटघाट गरी मनाउने गर्दछन् ।



यो पर्वमा पवित्र नदी तथा त्रिवेणीहरुमा गएर स्नान गरी घ्यू, चाकु, तीलको लड्डु, तरुल र अन्य परिकार खाएर रमाइलो गरिन्छ । देवघाट, बराहक्षेत्र, कुष्माण्डसरोवर, त्रिवेणीधाम, रिडीलगायतका पवित्र तीर्थस्थलमा मेला लाग्ने गर्दछ । सूर्य धनुराशीबाट मकरराशीमा प्रवेश गर्ने हुनाले माघे संक्रान्तिलाई मकरसंक्रान्ति पनि भनिन्छ । आजदेखि उत्तरायण आरम्भ हुने गर्दछ ।

बिशिष्ट र मौलिक पहिचान बोकेका हाम्रा चाडपर्वहरु हाम्रा खुसी जीवनका आधार रहेको प्रदेशप्रमुख देवकोटाको शुभकामना सन्देशमा उल्लेख छ । 'यी पर्वहरुले सामाजिक र राष्ट्रिय एकता, मेलमिलाप, सद्भाव र सहिष्णुता कायम गर्न महत्वपूर्ण योगदान दिन्छन्, हामीले हाम्रा बिशिष्ट पहिचानलाई संरक्षण र प्रबर्द्धन गर्नुपर्दछ' उनले शन्देशमा भनेका छन् । आफ्नो मौलिकपनलाई आत्मसात् गरी समृद्धिमार्गमा अघि बढ्नको लागि सबैलाई यो पर्वले प्रेरणा प्राप्त होस् भने शुभकामना प्रदेशप्रमुख देवकोटाले दिएका छन् ।


## लागु औषधबाट बचौं र बचाऔं !

औषधको उत्पादन सञ्चय ओसार पसार, बिक्री बितरण तथा सेवन कानूनत: दण्डनीय अपराध हो । यस्ता गैर कानूनी गतिबिधीमा आफ पनि नलागौं अरुलाई पनि लाग्न नदिऔं । लागु औषधको दुरुपयोगको बारेमा सचेत बनौं । स्वस्थ्य र सुखी परिवार समुन्नत समाजको लागी लागु औषधको दुर्व्यसनलाई निरुत्साहन गरौं ।

हेटौंडा उपमहानगरपालिका
१७ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर



बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
पशु सेवा कार्यालय
हेटौंडा, मकवानपुर

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना !

सूचना प्रकाशित मिति: २०८१/१०/०२
दरभाउ पत्र पेशगर्ने अन्तिम मिति: २०८१/१०/०९

यस कार्यालयको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु सेवा कार्यालय, मकवानपुरको हेटौंडा-९, कर्रा स्थित कार्यालयमा कम्पाउन्ड वाल निर्माण गर्नुपर्ने प्रयोजनको लागि प्राविधिकलागत इष्टिमेट बमोजिम कार्य गर्न ईच्छुक निर्माण व्यवसायीबाट मिति २०८१/०९/०९ मा प्रस्ताव आव्हान भएकोमा मिति २०८१/०९/२४ सम्म कार्यालयमा रीतपूर्वक पेश भएका सिलबन्दी दरभाउ मध्ये कुनै पनि सार भुत रुपमा प्रभावकारी नरहेको हुँदा सोही कार्यका लागि यो सूचना पुन: प्रकाशित गरिएको छ । ईजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रहीरीत पूर्वकको सीलबन्दी दरभाउ पत्र आव्हानको लागि अनुरोध छ ।

१. इच्छुक निर्माण व्यवसायीले व्यवसाय दर्ता, नवीकरणको ईजातज पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रका प्रतिलिपि लगाएतका अन्य कागजात सहित लिखित निवेदन दिई यो सूचना प्रकाशित मितिले ७ दिन (मिति २०८१/१०/०८) (कार्यालय समय) भित्र यस कार्यालयमा रु १००० राजश्व तिरी दरभाउपत्र खरिद गर्न सकिनेछ ।
२. यस कार्यालयबाट खरिद गरेको दरभाउ पत्र फाराम नियमानुसार भरी शिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठेक्का सूचना नं., दरभाउ पत्र दाताको नाम, ठेगाना, इमेल र सम्पर्क नं. समेत खुलाई कार्यालयलाई सम्बोधन गरी सूचना प्रकाशित भएको आठौं दिन (मिति २०८१/१०/०९) दिनको १२:०० बजे भित्र यस कार्यालयमा दरभाउ पत्र दर्ता गर्न सकिने छ । दरभाउसाथ निर्माण व्यवसायीले व्यवसायसंग सम्बन्धित सबै आवश्यक कागजात समेत सक्कल बमोजिम नक्कल सही रहेको भनी पेश गर्नुपर्नेछ । दर्ता भएका दरभाउ पत्र सोही दिन दिनको १:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमाखोलिने छ।दरभाउ पत्र दाताका प्रतिनिधिहरु अनुपस्थित भएतापनि दरभाउपत्रखोल्ने कार्यमा बाधा पर्नेछैन ।
३. शिलबन्दी दरभाउ पत्र साथ वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको रु.४०००० /- को बैंक जमानतपत्र (विडवण्ड) (दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ (पचहत्तर) दिन अवधि कायम भएको) संलग्न गरेको हुनुपर्नेछ ।
४. दरभाउ पत्रको प्रत्येक आइटममा अंक र अक्षरमा लेखेको, केरमेट नभएको हुनु पर्नेछ । दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाउँमा आधिकारिक व्यक्तिबाट दस्तखत भएको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारबाही हुनेछैन ।
५. शिलबन्दी दरभाउ पत्र खरिद गर्ने र दर्तागर्ने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई तत्तत् प्रयोजनको लागि अन्तिम दिन मानिने छ ।
६. सार्वजानिक खरिद नियमावली २०६४ (संशोधन सहित)को नियम ६५ (४घ१) को प्रतिकुल नहुने गरी स्वघोषणा सहित दरभाउ पत्र पेश गर्नुपर्नेछ ।
७. यस सूचनामा उल्लेख नभएका व्यहोराको हकमा सार्वजानिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजानिक खरिद नियामावली २०६४ (संशोधन सहित) तथा बागमती प्रदेश सार्वजानिक खरिद नियमावली २०७६ (संशोधन सहित) बमोजिम हुनेछ। यस सम्बन्धी विषयमा विस्तृत जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयको टेलिफोन नं. ०५७-४१२५७१ मा सम्पर्क गर्न सकिने छ ।

तपशिल

| सि.नं. | ठेक्का नं | कामको विवरण | ल.ई. रकम (मु.अ.कर र PS सहित) | जमानत रकम रु. | दरभाउपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | LSOMOLMAC/WORKS/ CW/2081-82-01 | कार्यालयको अधुरो कम्पाउन्ड वाल निर्माण | १७५३२१२.३२ | ४०,०००/- | १,०००/- | |



## हार्दिक बधाई तथा शुभकामना



श्री प्रमोदसिंह रानाभाट
अध्यक्ष



श्री राजु अधिकारी
वाणिज्य उपाध्यक्ष



श्री दिपक उप्रेती
उद्योग उपाध्यक्ष



श्री उज्जवल चौलागाई
एशोशिएट उपाध्यक्ष



श्री काव्यमणि अधिकारी
वस्तुगत उपाध्यक्ष



श्री प्रतिमा श्रेष्ठ
महासचिव



श्री तेजराज अधिकारी
कोषाध्यक्ष



श्री कुलप्रसाद चौलागाई
वाणिज्य सचिव



श्री रुपकराज दाहाल
उद्योग सचिव



श्री माधव ज्ञवाली
एशोशिएट सचिव



श्री नेत्रप्रसाद खतिवडा
वस्तुगत सचिव



श्री राजाराम कार्की
वस्तुगत सचिव



श्री निलम वैद्य
सह-कोषाध्यक्ष

मकवानपुर उद्योग वाणिज्य संघको शनिबार सम्पन्न अधिवेशनबाट निर्वाचित सम्पूर्ण पदाधिकारी तथा सदस्यज्यूहरुमा हार्दिक बधाई एवम् कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

बद्रीनाथ शर्मा (अध्यक्ष) एवम्
उद्योग संघ मकवानपुर, परिवार


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना